का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ भदौ २०८०,
आइतबार
10 September 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न





## बिजनेसविहीन संसद

सरकारले विधेयक नल्याउँदा, ल्याएका विधेयक अगाडि बढाउन नचाहँदा र सांसदहरुले गैरसरकारी विधेयक, संकल्प प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव नल्याउँदा संसद बिजनेसविहीन भएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

संघीय संसद बिजनेस विहीन भएको छ । सरकारले विधेयक नल्याउँदा, ल्याएका विधेयक अगाडि बढाउन नचाहँदा र सांसदहरुले गैरसरकारी विधेयक, संकल्प प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव नल्याउँदा संसद विजनेस विहीन भएको हो ।

विजनेश नभएको भनी राष्ट्रिय सभाको आज (आइतबार)का लागि बोलाईएको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।


अर्को बैठकको मिति र समय राष्ट्रिय सभाको अध्यक्ष गणेश प्रसाद तिमिल्सनाले पछि निर्धारण गर्ने गरी अनिश्चितकालका लागि स्थगित भएको संसद सचिवालयले जनाएको छ ।

संसद सचिवालयका महासचिव भरतराज गौतमले विज्ञप्ती निकालेर राष्ट्रिय सभाको अध्यक्षले अर्को सूचनाद्धारा तोक्ने मिति र समयमा बस्ने गरी बैठक स्थगित गरेको जानकारी दिएका दिएका छन् ।

राष्ट्रिय सभामा ३ वटा बिद्येयकहरु बिचाराधीन छ । अध्यागमन बिधेयक बिद्यायन ब्यबस्थापन समितिमा दफावार छलफल गरि प्रतिवेदन सभामा पेश भइसकेको छ । बिद्युतीय कारोबार सम्बन्धी बिद्येयक र राष्ट्रिय मर्यादा सम्बन्धी बिद्येयक विधायन व्यवस्थपन समितिमा दफावार छलफलमा छ ।

राष्ट्रिय सभाले यी तीन वटा विधेयक पनि अगाडि बढाउन सक्थ्यो । संसदमा शून्य र विशेष समय चलाएर समसामयीक विषयमा सरकार र सरोकारवालाहरुको ध्यानाकर्षण गराउन सकिन्छ । तर त्यस अनुसार तदारुकता नहुँदा संसद अधिवेशन रहेको तर छलफल हुन नसकेको अवस्थामा पुगेको छ ।

'बिजनेस नभएपछि संसद चल्न सक्ने अवस्था रहेन । भएका तीन वटा विधेयक समितिमै छन् । बिजनेश नभएरै राष्ट्रिय सभाको बैठक बस्न सक्ने अवस्था रहेन' संसद सचिवालयका सूचना अधिकारी दशरथ धमलाले पृष्ठ २ मा



> बिजनेस नभएपछि संसद चल्न सक्ने अवस्था रहेन । भएका तीन वटा विधेयक समितिमै छन् । बिजनेश नभएरै राष्ट्रिय सभाको बैठक बस्न सक्ने अवस्था छैन ।
>
> **दशरथ धमला**
> *सूचना अधिकारी*
> *संसद सचिवालय*



## आफ्नैको साथ नपाएका गृहमन्त्री

एकपछि अर्को प्रकरण अगाडि बढाएर भीभीआईपी समेतलाई अभियुक्तका रुपमा जेल पठाइरहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठ आफ्नै पार्टी नेतृत्व, सत्तारुढ गठबन्धन र विपक्षी दलहरुको समेत निशानामा देखिन्छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले चितवनमा शनिबार आयोजित एक कार्यक्रममा सरकार बदल्नुपर्ने बताएका छन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारकै कारण कांग्रेस कमजोर बनेकाले गठबन्धन बदल्नुपर्ने बताएका हुन् ।

माओवादी केन्द्रलाई समर्थन गरेर बनेको गठबन्धन सरकारबाट कांग्रेस कार्यकर्ता निराश बनेको कोइरालाले तर्क गरे । 'नेकपा माओवादी केन्द्रसँग गठबन्धन गर्दा कांग्रेसका देशभरका नेता-कार्यकर्ता निराश भएका छन्, गठबन्धनकै कारण कांग्रेस कमजोर बनेको नेता कार्यकर्ताको निष्कर्ष छ', कोइरालाले भने ।

पार्टी बलियो बनाउन पनि कांग्रेसले आफ्नै नेतृत्वमा सरकार बनाउनुपर्ने कोइरालाले बताए । ९० सिटको पार्टीले ९ जना मन्त्री लिएर सरकारमा बसिरहन नमिल्ने पनि नेता कोइरालाको भनाइ थियो । अहिलेको प्रणालीमा प्रधानमन्त्रीले निर्णय गरेपछि जति जना मन्त्री भएपनि फरक नपर्ने पनि कोइरालाले बताएका छन् ।

कांग्रेसभित्र संस्थापन इतर समूहको नेतृत्व गर्ने डा.कोइरालाकै जस्तो महामन्त्री गगन थापाले पनि पटकपटक सार्वजनिक अभिव्यक्ति दिदै आएका छन् । माओवादीसँग गठबन्धन गरेर चुनावमा जाने र माओवादीकै नेतृत्वमा सरकार बनाउने निर्णयप्रति थापाको असहमति धेरै पुरानो हो । आमचुनाव अगाडि पनि महामन्त्री थापाले गठबन्धनको निर्णयको चर्को विरोध जनाउँदै आएका थिए ।

तर पार्टीभित्र बहुमतमा रहेका सभापति शेरबहादुर देउवाले गठबन्धन गरेरै चुनावमा जाने निर्णय लिए । चुनावपछि एमालेको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डलाई तत्कालै आफ्नै गठबन्धनमा ल्याए । गठबन्धन बदलेर सरकार चलाइरहेका प्रचण्डले गृहमन्त्री पनि आफ्नै पार्टीमा राखेका छन् । गृह मन्त्रालय वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ चलाइरहेका छन् ।

गृहमन्त्री थापाले गृहमन्त्रालय चलाइरहँदा कांग्रेसका प्रभावशाली नेता समेत जेल परेपछि कांग्रेसभित्र यो गठबन्धनप्रति असन्तुष्टि चर्किएको छ । पहिले संस्थापन इतर नेताहरुले मात्रै यो गठबन्धनप्रति असन्तुष्टि जनाएपनि बालकृष्ण खाँण जेल परेपछि संस्थापन पक्षकै नेताहरुले विशेषगरी गृहमन्त्री श्रेष्ठप्रति आक्रोश पोखिरहेका छन् । पृष्ठ २ मा

### सुन तस्करी प्रकरण

## अन्तिम चरणमा अनुसन्धान आरोपितको संख्या ३०

नेपाल प्रहरीका अनुसार झण्डै १०० जनासँग बयान लिइएको वा बयान कागज गराइएको छ । कतिपय उच्च अधिकारी र भूतपूर्व उच्च अधिकारीहरूलाई उच्च निगरानीमा राखेर अनुसन्धान भइरहेको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

६० किलो सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले शनिवार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तीन जना कर्मचारीलाई पक्राउ गरेको छ ।


पक्राउ पर्नेमा भन्सार अधिकृत पुष्पा जोशी, नायब सुब्बाहरु वीरेन्द्र नेपाली र कमल परियार रहेका छन् । यो संगै उक्त प्रकरणमा हालसम्म पक्राउ पर्नेको पृष्ठ २ मा



> यो वा ऊ भन्नु भन्दा पनि त्यसमा जोडिएर आएका सबलाई आवश्यकताअनुसार अनुसन्धान र निगरानी गर्ने काम भइरहेको छ ।
>
> **कुवेर कडायत**
> **केन्द्रीय प्रवक्ता, नेपाल प्रहरी**

### वैदेशिक रोजगार विशेष

## नक्कली सरकारी विज्ञप्ति कसले निकाल्यो ?




**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सरकारी भाषासँग हुबहु मिल्ने गरी एकपछि अर्को नक्कली सूचना सार्वजनिक हुन थालेपछि झस्किएको छ । बिहीबार सामाजिक सञ्जालमा मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेको हस्ताक्षर प्रयोग गरी दक्षिण कोरियामा मौसमी कामदार लैजाने प्रक्रिया शुरु भएको उल्लेख गरिएको नक्कली सूचना भेटिएको थियो । त्यसलगत्तै मन्त्रालयले विज्ञप्ति जारी गरेर दक्षिण कोरियासँग पृष्ठ २ मा

**प्रेस विज्ञप्ति**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार विभागले जर्मनीमा सहायक कामदार पठाउनका लागि आवेदन माग गरेको भनी नक्कली र झुटो बिज्ञापन बनाइ सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । जर्मनी रोजगारदाताहरुले नेपालका इजाजतपत्रवाला संस्था (Recruiting agency) मार्फत कामदार लिने गरेकोमा केही समयदेखि दूतावासबाट मागपत्र प्रमाणीकरण नभएका कारण इजाजतपत्रवाला संस्थाले समयमा कामदार पठाउन सकेका छैनन् । संस्थागत कामदार पठाउन नसकेको फाइदा उठाउँदै केही गैरकानूनी व्यक्ति र इजाजतपत्र नलिएका संस्थाहरुले जर्मनीमा कामदारको माग आएको भनी गैरकानूनीरुपमा विज्ञापन गर्ने अन्तर्वार्ता लिने, तालिम दिने साथै केही दिनदेखि सामाजिक सञ्जालमार्फत जर्मनीमा कामदार माग भएको भनी वैदेशिक रोजगार विभागको नक्कली सूचना बनाएर ठगी गर्ने उद्देश्यले विज्ञापन गरेर नेपाल सरकार र समग्र वैदेशिक रोजगारलाई नै बदनाम गर्ने गरी ठगी गर्ने उद्देश्यले गैरकानूनी कार्य गर्न खोज्नेलाई कानूनी कारबाही गर्न गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जोडदार माग गर्दछ । साथै वैदेशिक रोजगार विभागले जर्मनीका लागि कुनै पनि मागपत्रको विज्ञापन नगरेको र उक्त नक्कली भ्रामक विज्ञापनमा कोही पनि नेपाली नागरिक भ्रममा नपर्नसमेत संघ यसै विज्ञप्तिमार्फत हार्दिक अपिल गर्दछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

मध्यान्ह
www.madhyanhadaily.com
२४ भदौ २०८०, आइतबार
10 September 2023, Sunday

# बाँकेमा बस दुर्घटना हुँदा सात जनाको मृत्यु

काठमाडौं/मस- बाँकेको राप्तीसोनारी गाउँपालिका-८ शमशेरगञ्जमा भएको बस दुर्घटनामा सात जनाको मृत्यु भएको छ। शनिबार राति भएको दुर्घटनामा २९ जना घाइते भएका छन्। तीमध्ये दुईको अवस्था गम्भीर छ।

मृत्यु हुनेमा बर्दियाको ठाकुरबाबा नगरपालिका-९ का ५० वर्षीय काशीराम थारू, ५५ वर्षीया कस्तुरी थापा, ५० वर्षीया रूपा परियार, ४० वर्षीया जयन्ती थारू, ६५ वर्षीय चानुराम थारू रहेको जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक नारायण डाँगीले जानकारी दिए। यस्तै बसका चालक बर्दियाको ठाकुरबाबा-८ का ५५ वर्षीय जुगबहादुर चन्द र सहचालक बर्दियाको बारबर्दिया नगरपालिका -७ का ३४ बसन्त कार्कीको पनि मृत्यु भएको छ।



पूर्वपश्चिम लोकमार्गको सडक किनारमा बिग्रेर रोकेको ना८ख ६४०५ नम्बरको ट्रकमा पूर्वबाट पश्चिमतर्फ आइरहेको ना ७ ख २३२१ नम्बरको बस ठोक्किन गई दुर्घटना भएको प्रहरी नायब उपरीक्षक डाँगीले जानकारी दिए। बसमा दाङको धारापानी भ्रमणबाट फर्किएका ४१ जना सवार थिए। बस बेतहनी सामुदायिक वन उपभोक्ता समिति ठाकुरबाबा, बर्दियाको रहेको बताइएको छ। घाइते २९ को नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# शिक्षक छनोट परीक्षा मिलेमतोमा गरेको आरोप

बिन्द्र राई/मध्यान्ह
उदयपुर, २३ भदौ

उदयपुरमा एक विद्यालयको दरवन्दी शिक्षक छनोट परीक्षाको नतिजा प्रकाशनमा गल्ती भेटिएपछि परीक्षा प्रकाशन मिलेमतोमा गरेको आरोप लागेको छ। त्रियुगा नगरपालिका-४ बगाहाको श्री राष्ट्रिय माध्यामिक विद्यालय बगाहाको मावि तहको आस्थायी राहत अंग्रेजी विषयको शिक्षक दरवन्दी पदपूर्तिको लागि आफ्नो नजिक निकटको मानिसलाई मिलेमतोमा राख्न खोजिएको आरोप लागेको हो। शिक्षक छनोटको लागि भदौ १५ गते शिक्षा विकास तथा समन्वय इकाई उदयपुरको कार्यालयमा सञ्चालन गरिएको थियो। शिक्षा विकास तथा समन्वय इकाई उदयपुरले शिक्षक छनोट परीक्षाको नतिजा प्रकाशन प्रतिवेदन अनुसार प्रथम चरणमा चार जनाले परीक्षा दिएकोमा चारै जना सफल भएको देखाएको छ।

दोस्रो चरणको परीक्षा दुई जनाले निवेदन दिएर अनुपस्थित रहेपछि शिक्षक छनोटको प्रतिस्पर्धीमा कुल बहादुर तामाङ र अन्जु खतिवडा पौडेल रहेका थिए। शिक्षक छनोट प्रतिस्पर्धी कुल बहादुर तामाङले दोस्रो चरणको परीक्षाको नतिजा प्रकाशन नगरी अन्तरवार्ता नै नलिइकन अन्तिम परीक्षाको नतिजा प्रकाशन गरिएको र पुनः सोको ठाउँमा चौथो पटक दोस्रो चरणको परीक्षा नतिजा प्रकाशन गरेको र त्यसपछि पाँचौ पटक तेस्रो चरणमा अन्तिम नतिजा भनेर प्रकाशन भइसकेको तेस्रो नतिजालाई प्रकाशन गरेको दावी गरे।



उनले दोस्रो चरणको नतिजा प्रकाशन नगरी मौखिक अन्तवार्ता नलिइ शिक्षा ऐन विपरित मिलेमतोमा सुनियोजित ढंगले प्रधानाध्यापकको निकटको उम्मेदवार अन्जु खतिवडा पौडेललाई सफल र अन्यलाई वैकल्पिक उम्मेदवार भनी पूर्वतयारी गरी राखिएको लिखित नतिजा प्रकाशन गरेको उनको आरोप छ।

श्री राष्ट्रिय माध्यमिक विद्यालयको प्रधानाध्यापक यादव बहादुर बस्नेतका अनुसार विषयगत परीक्षा भनेको विषयगत विज्ञहरुले प्रश्नपत्र बनाएर परीक्षा लिइन्छ। त्यसपछि अन्तरवार्ता लिने गर्दछन् र सामान्यगत परीक्षा र विषयगत परीक्षामा अंक धेरै अन्तर भएको र शिक्षक छनोट परीक्षामा दुवै नतिजा प्रकाशित गरेको र पिएलाई फोटोकपी गरेर ल्याउनुभन्दा अर्कै भुलवस टाँसिएको र पुनः सच्याएर नियम संगत क्रमबद्ध प्रकाशन गरिएको हो।

उनले भने, 'दुबै नतिजा प्रकाशित गरेकोभन्दा लेखेर तयार गरेको कार्यालय प्रायोजनको लागि लेखिएको पिएले भुलबस गल्तीले टाँसिएको भन्ने कुरा आयो। मैले नदेखेको कुरा सुन्नमा आयो र मैले साथीहरुलाई कहाँ यस्तो गल्ती गर्न पाइन्छ भनेर बुझ्दा गल्ती सच्याइएको हो।'

मध्यान्हले शिक्षक छनोट प्रक्रियामा अनियमितता पनि हुने गरेको सुनिन्छ नि भन्ने प्रश्नमा उनले त्यस्तो केही नभएको र ३०-३५ जनाले स्थानीय स्थानीय नागरिक नै राख्नुपर्छ भनेर निवेदन दिएको र कुनै नियम कानून संगत नहुने र अंक दिने ठाउँ नभएको जानकारी दिए।

उनले निवेदककोतर्फबाट चार पाँच जनालाई उपस्थित गराएर जाँच मर्यादित बनाइने भन्ने माइन्यूट गराइएको जानकारी दिए। उनले स्कुलको आन्तरिक कुरा जोडेर केहिले राजनीति गर्न खोजेको आरोप लगाए। शिक्षा विकास तथा समन्वय इकाई उदयपुरको निमित्त प्रमुख भवानी प्रसाद कट्टेलका अनुसार परीक्षाको हरेक विवरण विद्यालयसँगै रहने र नियम र प्रक्रियासंगत परीक्षा भएपनि सूचना प्रकाशन गर्दा लिखित अन्तरवार्ताको सूचना भनेर प्रकाशन वा टाँस्नु पर्नेमा प्राविधिक भुलवस अन्तिम परीक्षाको नतिजा प्रकाशन भएको जानकारी दिए।

विद्यालय व्यवस्थापन समितीका अध्यक्ष रामरविलाल राईले परीक्षा मर्यादित प्रक्रियागत ढंगले भएको हुँदा यहाँ राजनीतिकरण गर्न खोजिएको आरोप लगाए। त्रिनपा चार वडा अन्तर्गत नेकपा माओवादी केन्द्र,नेपाली कांग्रेस, राप्रपा, नेकपा एस लगायत विभिन्न दलले शिक्षक समितिले भदौ १५ मा लिएको परीक्षा रद्द, नियम विपरित गर्ने शिक्षक समितिलाई कारबाही, विद्यालय व्यवस्थापन समिति भंग लगायत विद्यालयको विकृति, विसंगती, अनियमितताको अन्त्य गर्नुपर्ने माग राख्दै नगर लगायत विभिन्न सम्बन्धित निकायमा ज्ञापन पत्र बुझाएका छन्।

## आफ्नैको...

त्यसरी आक्रोश पोख्ने मध्येमा सहमहामन्त्री महेन्द्र यादव एक थिए। उनीमाथि सार्वजनिक स्थलमै एक व्यक्तिले खुकुरी प्रहार गरेपछि संस्थापन पक्षकै सांसदहरुले गृहमन्त्रीमाथि आक्रोश व्यक्त गरेका छन्। खाँण जेल पर्ने प्रकरणमा गृहमन्त्री श्रेष्ठमाथि सत्तारुढ मात्रै नभएर प्रमुख प्रतिपक्षी नेकपा एमालेका नेताहरु पनि असन्तुष्ट छन्।

खाँण जस्तै नक्कली भुटानी शरणार्थी प्रकरणमा एमाले सचिव टोपबहादुर रायमाझी समेत पक्राउ परेपछि केही दिन एमालेका अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक असन्तष्टि जनाएका थिए। लगत्तै ललिता निवास जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा.बाबुराम भट्टराईमाथि समेत अनुसन्धानको बाटो खुल्यो। सरकारले अगाडि बढाएको यो प्रकरणमा सर्वोच्च अदालतले फैसला गर्दै पूर्वप्रधानमन्त्रीहरुलाई पनि बयान लिन सकिने बाटो खोलिदिएको थियो। त्यसैलाई आधार मानेर छानबीन अगाडि बढ्दा सत्तारुढ नेकपा एकीकृत समाजवादी र नेपाल समाजवादी पार्टी असन्तुष्ट बन्यो।

अर्का सत्तारुढ दल जनता समाजवादी पार्टी पनि यो सरकार र गृहमन्त्री श्रेष्ठप्रति सन्तुष्ट छैन। विशेषगरी गौर नरसंहारको जाहेरी अगाडि बढाउने सरकारी प्रतिबद्धतापछि जसपाका नेताहरुले सार्वजनिक असन्तुष्टि प्रकट गर्दै आएका छन्। यसरी सत्तारुढ र विपक्षी समेतको निशानामा रहेका गृहमन्त्री श्रेष्ठलाई स्वयम् पार्टी नेतृत्वको बलियो साथ देखिदैन। भुटानी शरणार्थी प्रकरणमा अनुसन्धान गरिरहेका सहित उच्च प्रहरी अधिकारीहरुको सरुवा गरिनुबाट गृहमन्त्रीलाई स्वयम् माओवादी नेतृत्वको साथ नरहेकै बुझ्न सकिन्छ। अहिले सरकार परिवर्तनकै सार्वजनिक अभिव्यक्ति कांग्रेस नेताहरुले व्यक्त गर्नु पछाडि पनि विशेषगरी गृहमन्त्रीले चालेको कदमकै असर भएको अनुमान लगाउन गाह्रो पर्दैन।

## बिजनेसविहीन...

भने। प्रतिनिधि सभामा भने विधेयकहरु छन। तर भएका विधेयकहरु प्रतिनिधि सभामा पनि अगाडि बढ्न सकिरहेका छैनन्। सरकारले प्राथमिकतामा राखेको भनिएका विधेयकहरु पनि अगाडि बढ्न सकिरहेका छैनन्। नेपालको आर्थिक अवस्था नकारात्मक अवस्थामा रहेको भनी अन्तराष्ट्रिय मुल्याङ्कन हुनेक्रम रोकिएको छैन। त्यसका लागि आवश्यक कानुन निर्माणले तिव्रता पाउन सकेको छैन।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को एशिया प्यासिफिक ग्रुप एपीजीले तेस्रो पारस्परिक मुल्यांकन प्रतिवेदन सार्वजनिक गर्दै सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा वित्तीय सहयोग नियन्त्रणसम्बन्धमा नेपालका विभिन्न कमजोरीहरु औंल्याएको छ।

एपीजीको प्रतिवेदनमा सम्पत्ति शुद्धीकरण निवारणमा नेपालको प्रदर्शन खराब देखिएको छ। सम्पत्ति शुद्धीकरण निवारणको प्रभावकारिता मुल्यांकन गर्ने ११ वटा क्षेत्रमध्ये नेपालले सातवटामा कमजोर रेटिङ पाएको छ भने चारवटामा मध्यम रेटिङ पाएको छ।

प्राविधिक अनुपालनको अवस्था मूल्यांकनका ४० सिफारिसमध्ये नेपालले पाँचवटा मात्रै पूर्ण पालन गरेको देखिएको छ। १६ वटा सिफारिसको पालना अधिकांश रुपमा भएको र १६ वटाको आंशिक कार्यान्वयन भएको प्रतिवेदनमा उल्लेख छ। तीनवटा सुझावको भने पालना नभएको एपीजीले प्रतिवेदनमार्फत बताएको छ।

नेपाल सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि कानुन निर्माण, कार्यान्वयन र अनुसन्धान तथा कारवाहीमा नै कमजोर रहेको प्रतिवेदनको निष्कर्ष छ।

नेपालमा सम्पत्ति शुद्धीकरण र आतंकवादी क्रियाकलापमा वित्तीय लगानीसँग प्रभावकारी श्रपमा लड्न उच्चस्तरको प्रतिवद्धता, ठूलो स्रोत परिचालन, प्राथमिकता र समन्वय आवश्यक रहेको एपीजीले बताएको छ।

नेपालको सम्पत्ति शुद्धीकरण र आतंकवादमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी कानुनी संरचना र सम्बन्धित संस्थाको क्षमता विकासमा थप काम गर्नुपर्ने प्रतिवेदनले औंल्याएको छ।

तर, सम्पत्ति शुद्धीकरण विधेयक भने प्रतिपनिधि सभामा ६ महिनादेखि बिचाराधीन छ। अर्थात, भएका विजनेश पनि संसदले अगाडि बढाउन सकिरहेको छैन। संक्रमणकालीन न्याय सम्बन्धी विधेयक पनि संसदमा बिचाराधीन छ। खाद्य सुरक्षा सम्बन्धी विधेयक संसदमै छ। बिभिन्न संकल्प प्रस्ताव र जरुरी सार्वजनिक महत्वको प्रस्ताव पनि प्रतिनिधि सभामा छ। राष्ट्रिय सभाको तुलनामा प्रतिनिधि सभामा बिजनेस छ।

## सुन...

संख्या ३० जना पुगेको छ। ब्रेक सु मा लुकाएर गरिएको सुन तस्करी प्रकरणमा अनुसन्धानका लागि उनीहरुलाई पक्राउ गरिएको सीआईबीकी निर्देशक एआईजी किरण बज्राचार्यले जानकारी दिइन्।

त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट बाहिरिएको सुन २ साउनमा प्रहरीले सिनामंगल क्षेत्रबाट नियन्त्रणमा लिएको थियो। स्कुटरको ब्रेक सुमा लुकाएर ल्याएको सुन ब्रेक सुबाट निकालेर गाल्दा ६० किलो भन्दा केही बढी भएको खुलेको थियो।

सीआईबीले यो प्रकरणको अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको छ। सीआईबीकी निर्देशक एआईजी किरण बज्राचार्यका अनुसार अनुसन्धान सकेर जिल्ला सरकारी वकिल कार्यालयमा रायसहितको प्रतिवेदन बुझाउने तयारी छ।

पक्राउ परेकाहरूलाई हिरासतमा राखेर तथा अन्य कतिपयलाई बयान लिएर वा बयान कागज गराएर अनि केहीलाई निगरानी मात्र गरेर अनुसन्धान जारी राखिएको प्रहरी अधिकारीहरूले बताएका छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुवेर कडायतका अनुसार 'यो वा ऊ भन्नु भन्दा पनि त्यसमा जोडिएर आएका सबैलाई आवश्यकताअनुसार अनुसन्धान र निगरानी गर्ने काम भइरहेको छ।'

सीआईबीले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेश पुनसँग पनि बयान लिएको छ।

सुन तस्करी प्रकरणका मुख्य नाइके भनिएका व्यक्तिसँग सम्बन्ध रहेको देखिएकाले उनको बयान लिइएको प्रहरी अधिकारीहरू बताउँछन्। पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल महरा पनि विद्युतीय चुरोट (भेप) मा लुकाएर ल्याएको भनिएको अर्को सुन प्रकरणमा पक्राउ परेका छन्। उनी अहिलेको चर्चित ६०.७ केजी सुन तस्करी प्रकरणमा समेत संलग्न रहेको ठानेर अनुसन्धान भइरहेको छ।

भुटानी शरणार्थी प्रकरणमा मुछिएका प्रतीक थापा पनि सुन तस्करी प्रकरणमा जोडिएको हुनसक्ने भनी अनुसन्धान भइरहेको छ। उनी पूर्वगृहमन्त्री तथा नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापाका छोरा हुन्। प्रतीक थापा अझै फरार छन्।

नेपाल प्रहरीकाका अनुसार अहिलेसम्म प्रहरीले झन्डै १०० जनासँग बयान लिएको वा बयान कागज गराएको छ। कतिपय उच्च अधिकारी र भूतपूर्व उच्च अधिकारीहरूलाई उच्च निगरानी गरेर पनि अनुसन्धान भइरहेको छ।

## नक्कली...

रोजगार अनुमति प्रणाली (ईपीएस) मा नेपाली कामदार पठाउने सम्झौता मात्रै कार्यान्वयनमा रहेको र उक्त मुलुकसँग मौसमी कामदार पठाउने कुनै पनि सम्झौता नभएको जनाएको थियो।

शनिबार एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले मन्त्रालयका उच्च अधिकारीको नाममा नै नक्कली सूचना जारी भएको घटनाले गम्भीर बनाएको बताए। नक्कली सूचनामा कात्तिक २२ गतेसम्ममा १२ हजार मौसमी कामदार पठाउन कोरियासँग सम्झौता भएको उल्लेख छ। मन्त्रालयले सामाजिक सञ्जालहरूमा प्रशारित नक्कली प्रेस विज्ञप्तिको भ्रममा नपर्न आग्रह गर्दै प्रचलित कानून विपरीतका गतिविधिहरूलाई नियन्त्रण गर्न मन्त्रालय सदैव क्रियाशील रहेको बताएको छ।

विगतमा धेरै स्थानीय निकायहरूले दक्षिण कोरियाका विभिन्न निकायसँग भगिनी सम्बन्ध कायम गर्दै मौसमी कामदार पठाउने भन्दै तेस्रो पक्ष खडा गरी लाखौं रकम उठाएको सार्वजनिक भएको थियो। हाल सरकारी भाषासँग हुबहु मिल्दोजुल्दो भाषा प्रयोग गरी नक्कली सूचना आउनुलाई सामान्य विज्ञप्ति जारी गरी परम्परागत शैलीमा सामान्यरूपमा लिन नहुने कतिपयको भनाइ छ।

वैदेशिक रोजगारका नाममा सामाजिक सञ्चाजमा आकर्षक प्रलोभनसहित अनधिकृतरूपमा छरपस्ट विज्ञापन भइरहेको र शैक्षिक परामर्शदाताका रूपमा खोलिएका कन्सल्ट्यान्सीहरूले म्यानपावर कम्पनीहरूले भन्दा धेरै नेपालीलाई विदेश पठाएको अवस्थामा मन्त्रालय वैदेशिक रोजगारीको प्रक्रिया शुरु गर्नुपूर्व आधिकारिता यकिन गरेर मात्र वैदेशिक रोजगारीको प्रक्रिया थालनी गर्न आग्रह गर्दै विदेश जान खोज्नेलाई नै जिम्मेवारीको भारी बोकाउँछ कि आफ्ना वरिष्ठ अधिकारी, सरकारी लेटरप्याड र छाप दुरुपयोग भएको घटनालाई गम्भीरतापूर्वक लिएर दोषी गिरोह खोज्ने र उनीहरूलाई पक्राउ गराएर कानूनी दायरामा ल्याउन अग्रसर हुन्छ ? धेरैका लागि जिज्ञासा र कौतुहलताको विषय बनेको छ।

# शिक्षामा सूचना प्रविधि प्रयोगसम्बन्धी अभिमुखीकरण सम्पन्न

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, २३ भदौ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा शिक्षामा सूचना प्रविधि प्रयोगसम्बन्धी अभिमुखीकरण कार्यत्रऽम सपन्न भएको छ। कार्यक्रममा जुम मिटिङबाट बोल्दै कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले शिक्षामा सुधार ल्याउने प्रतिबद्धता जनाए। आफ्नो कार्यकालमा केही सुधारका काम भइरहेको बताउँदै अब अझै मजबुत भएर लाग्ने उनले बताए।




कार्यक्रममा पूर्वशिक्षा मन्त्री गिरिराजमणि पोखरेलले ज्ञानले मात्र साक्षर नहुने बताउँदै दिगो ढंगले अगाडि बढे र सही तरिकाले शिक्षामा जोड दिए मात्र शिक्षामा सुधार आउने बताए। ईक्वारी फाउण्डेसनका प्रतिनिधि मेरिण अधिकारीले शिक्षामा सुधार गर्नुपर्ने कुरा धेरै भएकाले यसको व्यवस्थापनको पाटो अभिभावक हुनुपर्नेमा जोड दिए।

बाँफिकोट गाउँपालिका अध्यक्ष जनक कुमार बाठाको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष तारा बुढा केसी, प्रमुख प्रशासकीय अधिकृत दुर्गाबहादुर ओली, १ देखि १० नम्बर वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्यलगायतको सहभागिता रहेको थियो।

अभिमुखीकरण कार्यक्रममा जनज्योति मावि बड्डिचौर सुर्खेतका प्रधानाध्यापक नारायण सिग्देलले विद्यालय सुधार्ने जिम्मेवारी भनेको शिक्षकको रहेको बताए। उनले आफूले अध्यापन गराइरहेको विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमबाट विद्यार्थीलाई धेरै कुरा सिक्न मद्दत पुगेको धारणा राखे।

वीरेन्द्र मावि बाँफिकोटका प्रधानाध्यापक हरिचन्द्र गिरीको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन शिक्षा संयोजक रत्नबहादुर केसीले गरेका थिए। कार्यक्रममा पूर्वविद्यार्थी, शिक्षक, अभिभावकहरुको पनि सहभागिता रहेको थियो।

# कर्णालीमा कांग्रेसका जनप्रतिनिधिलाई प्रशिक्षण दिइँदै

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २३ भदौ

नेपाली कांग्रेस कर्णाली प्रदेशले कांग्रेसबाट चुनाव जितेका जनप्रतिनिधिहरुलाई आइतबारबाट प्रशिक्षण दिन लागेको छ। शनिबार नेपाली कांग्रेस कर्णाली प्रदेश कार्यसमितिले वीरेन्द्रनगरमा पत्रकार सम्मेलन गर्दै प्रशिक्षणबारे जानकारी दिएको हो।




बिहीबार बसेको प्रदेश समितिको बैठकले कांग्रेसबाट निर्वाचित भएका जनप्रतिनिधिलाई प्रशिक्षण दिने निर्णय गरेको थियो। सोहीअनुरूप गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखलाई प्रशिक्षण दिने कार्यक्रम रहेको नेपाली कांग्रेस कर्णाली प्रदेशका सभापति ललितजंग शाहीले बताए। उनका अनुसार बीपी जयन्तीको अवसरमा भदौ २४ र २५ गते २ दिने प्रशिक्षण कार्यक्रम हुनेछ। कार्यक्रममा नेपाली कांग्रेसको इतिहास, चुनावताको समयमा गरिएका प्रतिवद्धता जनताका आशा, मुलुक संघीयतामा गइसकेपछि कानून सम्बद्ध काम गरे नगरेको विषयमा समेत अन्तरक्रिया गरिने बताएको छ।

उक्त कार्यक्रम प्रदेश राजधानी वीरेन्द्रनगरको होटल नमस्ते नेपालमा बिहान ११ बजेबाट शुरु हुने छ। स्थानीय तहमा जितेका प्रतिनिधि पार्टीको घोषणापत्रअनुरुप जनपक्षीय काम गर्ने, कानुनी कुराको बारेमा प्रष्ट गर्न, आर्थिक सुशासन, पारदर्शितालगायत विषयमा समेत प्रशिक्षण दिइनेछ।

साथै विकास निर्माण कार्यलाई जनपक्षीय रुपमा काम गर्ने विषयमा पनि छलफल गरिने सभापति शाहीले बताए। कार्यक्रमको प्रशिक्षण डाक्टर महेन्द्र मल्ल, अर्जुन एडी लगायतले दिनेछन्। प्रशिक्षण कार्यक्रममा कर्णालीका करिब ६४ जना जनप्रतिनिधिको सहभागिता रहने बताइएको छ।

# लोसपाका क्षेत्रीय अध्यक्ष चौधरी माओवादी केन्द्रमा प्रवेश

मध्यान्ह संवाददाता
कपिलवस्तु, २३ भदौ

नेकपा माओवादी केन्द्र कृष्णनगर नगरसमितिको पूर्ण बैठक सम्पन्न भएको छ। नगरसमितिको पूर्ण बैठकले निष्क्रिय पदाधिकारीहरुलाई साधारण सदस्यता खारेज गरिएको नगर समितिले जनाएको छ।

यस्तै बैठकमै जिल्लामा माओवादीको जनलहर बढिरहेको र माओवादी केन्द्रको सिद्धान्त र विचार राम्रो भएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टीका क्षेत्रीय अध्यक्ष लालमन चौधरी र नेकपा एमाले कृष्णनगर नपा २ का शहबाज खानले नेकपा माओवादी केन्द्र पार्टीमा प्रवेश गरेका छन्।



कार्यक्रममा नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश समितिका कोषाध्यक्ष निर्दोष अली, लुम्बिनी प्रदेश समिति सदस्य तथा लुम्बिनी प्रदेश मदरसा बोर्ड उपाध्यक्ष मौलाना मशहुद खाँ नेपाली, जिल्ला संयोजक बिष्णु बेल्बासे, जिल्ला सचिवालय सदस्य तुफैल अहमद खाँ लगायत नेता कार्यकर्ताहरुले पार्टी प्रवेश गरेका दुवै जनालाई अबीर र खादाले सम्मान गर्दै पार्टीमा स्वागत गरेका नगरसमिति सचिव गणेश प्रसाद बन्जाडेले जानकारी दिए।

कृष्णनगर नगरसमितिको पूर्ण बैठकले गत स्थानीय निर्वाचनमा प्रतिनिधि पदमा उठेका उम्मेदवार तथा वडाध्यक्षहरुसँग चुनावी गतविधि, वडासमितिहरुको बारेमा जनगुनासो र आगामी दिनको रणनीतिबारे छलफल गरिएको नगर समिति अध्यक्ष जावेद आलम खाँले बताए। नेकपा माओवादी केन्द्रले तीन महिने जनतासँग माओवादी विशेष रुपान्तरण अभियानलाई प्रत्येक वडाको गाउँ-गाउँमा पुगेर प्रत्येक घर-घरमा नेकपा माओवादी केन्द्रको नीति सिद्धान्त गराइने उनले बताए। माओवादी केन्द्रले जनताको लागि गरेको रुपान्तरण, पार्टीलाई थप बलियो बनाउने खालको कार्यक्रम तयार गरी नगर तथा वडाका पदाधिकारीलाई बाँडफाँड गरिएको नगरसमितिमा अध्यक्ष खाँले बताए।

# 'भैरव रिसाल मिडिया फेलोसिप'को अवार्ड महतारालाई

सुमन महतारा/मध्यान्ह
गुल्मी, २३ भदौ

'भैरव रिसाल मिडिया फेलोसिप-२०८०'को अवार्ड गुल्मीका सन्तोष महताराले प्राप्त गरेका छन्। महताराले खोजमुलक तथा सिर्जनात्मक समाचार प्रकाशन गरेबापत नगद २५ हजार रुपैयाँसहित वरिष्ठ पत्रकार भैरव रिसालबाट सम्मानित भएका हुन्।




महतारालाई एन्फाको ३२औं अर्धवार्षिक साधारण सभाको अवसरमा आयोजित उक्त कार्यक्रमको अवसरमा सम्मान गरिएको हो।

२०७४ सालदेखि गुल्मीको सदरमुकाम तम्घासमा बसेर क्रियाशील पत्रकारिता गर्दै आएका महतारा हाल राष्ट्रिय समचार समिति (रासस), कारोवार राष्ट्रिय दैनिक पत्रिका गुल्मीका संवाददाता र गुल्मी साप्ताहिक पत्रिकाका सञ्चालक समेत हुन्। उनी खोजमूलक समचार लेख्न रुचाउँछन्।

# देवाही गोनाही नगर अस्पतालमा औषधिको अभाव

**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, २३ भदौ

रौतहटको देवाही गोनाही नगरपालिकाले नगरबासीको लागि सञ्चालनमा ल्याएको नगर अस्पतालमा औषधिको अभाव हुँदै गाएको छ। उपचार गराउन अस्पताल पुगेका विरामीहरु अस्पतालमा औषधिको अभाव हुँदा बाहिरको क्लिनिकबाट खरिद गर्नुपर्ने बाध्यता रहेको स्थानीय वडा नं.७ उचिडिहका समाजिक अभियन्ता रौनक नविनले बताए । उनले अहिले चर्को गर्मीको समयमा अस्पतालमा दिनहुँ बिरामीको चाप बढ्दै गएको अवस्थामा अस्पतालमा औषधि नहुँदा बिरामीहरु मर्कामा परेको बताए ।

त्यस्तै अर्का स्थानीय युवा रुपेश पटेलले नगरपालिका तथा जनप्रतिनिधिहरुले समयमा ध्यान नदिंदा नगर अस्पतालको अवस्था नाजुक भएको र बन्द हुने अवस्थामा पुगेको बताए । वीरगञ्ज, मौलापुर हुँदै जयनगरसँग जोडिएको बाटोमा नगर अस्पताल भएकाले सोही बाटो भएर आवतजावत गर्ने यात्रीलाई समान्य दुर्घाटना हुँदा समेत यसै अस्पतालमा उपचार हुँदै आएको पटेलले बताए ।




पालिकाभर एउटा नमुना अस्पतालको रुपमा रहेको यो अस्पतालमा अहिले दक्ष अनुभवी चिकित्सक नहुँदा बिरामीहरुलाई चेकजाँच गराउन निकै समस्या हुँदै आएको छ। एक जना एमबीबीएस चिकित्सकको भरमा सञ्चालन भइरहेको अस्पतालमा कार्यरत चिकित्सक नै दुर्घटनामा पर्दा अहिले अस्पताल एमबीबीएस डाक्टरविहीन भएको छ ।

नगर अस्पतालमा औषधिको अभाव भएको चौतर्फी विरोध भइरहँदा यसै विषयलाई लियर नगर अस्पतालका सञ्चालक तथा नगर स्वास्थ्य संयोजक नागेन्द्र कुशवाहासँग बुझ्दा अहिले पर्याप्त मात्रामा औषधि नभएको स्वीकार गरे । संयोजक कुशवाहाले नयाँ आर्थिक वर्ष भएका कारण औषधि खरिद गर्नका लागि केही समस्या भएको भन्दै अब छिट्टै सबै संग छलफल गरे औषधि खरिद प्रक्रिया अगाडि बढाइने बताए ।

अस्पतालको अवस्थाबारे नगर प्रमुख साह कानुसँग बुझ्दा हालै अहिले नयाँ आर्थिक वर्ष भएका कारण पालिकाको खाता सञ्चालन नरहेको र जसका कारण औषधि खरिद गर्न नसकिएको प्रतिक्रिया दिए । नगर प्रमुख साहले अबको एक हप्ताभित्रमा प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य र वडा अध्यक्षहरुसँग छलफल गरी औषधि खरिद प्रक्रिया अगाडी बढाइने बताए ।

देवाही गोनाही नगरपालिका वडा नं ८ स्थित गोनाही बजार नजिकै मेन रोडसँग जोडिएको धरहरी जाने बाटोमा १५ शैय्या क्षमता भएको नगर अस्पताल गत वर्ष २०७९ साल भदौ २५ गतेदेखि सञ्चालनमा आएको हो । देशका सात सय ५३ वटा स्थानिय तहले आफ्नो क्षमता अनुसारको अस्पताल सञ्चालन गर्नुपर्ने नीतिलाई अवलम्बन गर्दै नगरपालिकाले अस्पताल सञ्चालन ल्याएको हो ।

अस्पतालमा नाक, कान, घाँटी, ओपीडी सेवा, प्रसूति सेवा, एक्स-रे सेवासँगै २४ घण्टे इमर्जेन्सी सेवा उपलब्ध हुने गरी सञ्चालनमा ल्याइएको थियो । देवाही गोनाही नगरपालिकाभित्र एउटा पनि सुविधा सम्पन्न अस्पताल नभएको खण्डमा यो अस्पताल सञ्चालन हुँदा नगरवासीहरुमा उत्साह छाएको थियो । तर अहिले नगर अस्पतालको अवस्था नाजुक बन्दै जाँदा मेयर, उपमेयर र जनप्रतिनिधिहरुले समयमा ध्यान नदिएको भन्दै स्थानीयमा आक्रोस छाएको छ ।

# मोना कतार बहुउद्देश्यीय अक्षयकोषको अध्यक्षमा विक्रम कार्की निर्विरोध

**दोहा, कतार/मस–** म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषको प्रथम साधारण सभा तथा दोस्रो रमाइलो तीज कार्यक्रम-२०२३ शुक्रबार सम्पन्न भएको छ। कतारको प्लाजा मलस्थित सेञ्चुरी रेस्टुरेन्टको सभा हलमा सम्पन्न साधारण सभाको बन्द सत्रबाट तीन वर्षको एक कार्यकाल रहने विधानतः व्यवस्थाअनुसार आगामी एक कार्यकालका लागि विक्रम कार्कीको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति निर्विरोध चयन भएको छ ।

कार्यसमितिको उपाध्यक्षमा प्रेम रसाइली, सचिवमा तिलु शर्मा पौडेल, कोषाध्यक्षमा रमेश पौडेल रहेका छन् । हरिकृष्ण शर्मा, नरेन्द्र फगामी, अजय कुवर, टिका रोका मगर, राजु पौडेल (पदेन सदस्य) र बालकृष्ण खत्री कार्यसमितिको सदस्य रहेका छन् । निर्वाचन समितिका संयोजक तथा कोषका संरक्षक अजय विकले नवनिर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

मिठो दर खुवाएर तीज पर्नि सँगै मनाउँदै सम्पन्न साधारण सभाको खुला सत्रको सभापतित्व कोषका अध्यक्ष विक्रम कार्कीले गरेका थिए भने एनआरएनए एनसीसी कतारका अध्यक्ष रमेश भट्ट प्रमुख अतिथि रहेका थिए । कतारमा रहेका प्रदेश समन्वय परिषद्, समिति



जिल्ला संस्था, महिला समाज, व्यवसायी, समाजसेवी र एनआरएनए आइसीसीका विभिन्न पदाधिकारीहरूको आतिथ्यतामा सम्पन्न साधारण सभामा आइसीसीका अध्यक्ष रबिना थापाको विशिष्ट आतिथ्यता रहेको थियो । विधिवत उद्घाटनका साथ अगाडि बढेको सभामा यमुना पटेलको मौलिक थाली नृत्यले उपस्थितलाई स्वागत गरिएको थियो ।

राम बाबु, गौरी सुनुवारलगायतले सांगीतिक प्रस्तुति दिएको कार्यक्रममा विभिन्न गीतसंगीतमार्फत उपस्थितलाई मनोरञ्जन प्रदान गरिएको थियो । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै एनआरएनए आइसीसीका युवा उपाध्यक्ष राज रेग्मीले मोना कतारले गरेको कामको खुलेर प्रशंसा गर्दै आफ्नो तर्फबाट सक्दो सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै आइसीसी अध्यक्ष थापाले परोपकारी कार्यमा म्याग्देली धेरै अगाडि रहेको बताउँदै म्याग्दी नपुगेकाहरूलाई एक पटक त्यहाँ पुग्न अनुरोध गरिन् । उनले आफू पुनः आइसीसीको अध्यक्ष पदको रेसमा रहेको बताउँदै कतारमा रहेका म्याग्दीलेबाट आफूले ठूलो सहयोगको अपेक्षा राखेको बताउँदै कोषलाई आफ्नो तर्फबाट पूर्ण सहयोग रहने बताइन् ।

प्रेम रसाइलीले स्वागत मन्तव्य राखेको खुला सत्रमा कोषका बारेमा कार्यक्रमका संयोजक नरेन्द्र फगामीले प्रष्ट पारेका थिए । साधारण सभामा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले कुनै बेला आफूले पनि कोषको सपना देखेको तर त्यो पुरा हुन नसकेको स्मरण गर्दै मोना कतार बहुउद्देश्यीय अक्षयकोषको अभियानमा आफूले पूर्ण साथ दिने प्रतिबद्धता व्यक्त गरे । उनले राज्यले गर्नुपर्ने दायित्वलाई प्रवासीले पूरा गरेको भन्दै एनआरएनले स्थापना गरेको अक्षयकोषको रकम कहाँ गएको छ त्यो खोजी गर्न आइसीसी अध्यक्षलाई आग्रह गरे । भट्टले वैदेशिक रोजगार बोर्डमा अर्बौं रुपैयाँ थन्किएको स्मरण गर्दै एनआरएनले यो बारेमा कुनै पहल कदमी नगरेकोप्रति गुनासो पोख्दै मोना कतारबाट सिक्न सकिने बताए । उनले कतारमा रहेका सबै संघसंस्थासँग सहकार्य गर्दै एनसीसी कतारलाई श्रमिकमैत्री बनाउन आफू र सिंगो कार्यसमिति प्रतिबद्ध रहेको बताए ।

कोषका कोषाध्यक्ष रमेश पौडेलले १९ लाख रुपैयाँ कोषमा जम्मा भएको आयव्यय विवरण पेस गरेका थिए । सचिव तिलु शर्मा पौडेलले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति कार्कीले कोषलाई एक करोड बराबरको बनाउने लक्ष्य रहेको बताए। उनले उक्त लक्ष्य हासिल गर्न सबैबाट सहयोगको अपेक्षा गरेको बताए । उनले कोषले एनआरएनए, मोना आइसीसीलगायत सबैसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

मोना कतार र अक्षयकोषको आयोजना तथा मोना कतार मातहत रहेको सांस्कृतिक र खेलकुद विभागको सहआयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कोष २०७९ साल माघ २७ गते जिल्ला प्रशासन कार्यालय म्याग्दी बेनीमा संस्था दर्ता ऐन २०३४ को दफा ४ बमोजिम दर्ता गरी सञ्चालनमा आएको गैरसरकारी तथा गैर नाफामूलक सामाजिक संस्था हो ।

# राष्ट्रपति पौडेलबाट उत्कृष्ट १० कवि पुरस्कृत

**काठमाडौं/मस–** नेपाल प्रज्ञा प्रतिष्ठानको ६६औं वार्षिकोत्सवका उपलक्ष्यमा सम्पन्न भएको 'राष्ट्रिय कविता महोत्सव-२०८०' का उत्कृष्ट कविहरूलाई राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कार अर्पण गरेका छन् ।

काठमाडौंका कवि उमेश पुनको नेपाली भाषाको कविता 'छोरी, सिमाना र देश', सुनसरीका कवि कृपा करुणा पोखरेलको नेपाली भाषाको कविता 'रक्तिम कथा', दार्चुलाका कवि खिमानन्द जोशीको डोटेली भाषाको कविता 'ईजा ! मुई गोठ नाइँ झान्या हुँ', उदयपुरका कवि जीवन आरोहीको नेपाली भाषाको कविता 'प्रश्नहरूको विज्ञप्ति', रोल्पाका कवि टंकबहादुर झाँक्री मगरको खाम मगरभाषाको कविता 'हुन्के बे बङ्गा', सुनसरीका कवि तीर्थराज विश्वकर्माको नेपाली भाषाको कविता 'कविले के सम्झियो ?', दाङका कवि नवीन अभिलाषीको नेपाली भाषाको कविता 'भेरी : अभिशप्त बगिरहेछ', डोटीका कवि पूर्णानन्द ओझाको डोटेली भाषाको 'कविता सन्निको मान्स', सुनसरीका कवि प्रकाश दिप्साली राईको नेपाली भाषाको कविता 'नौरानको नाम' र काठमाडौंका कवि राधिका कल्पितको नेपाली भाषाको कविता 'परिचय-पत्र' गरी १० जना उत्कृष्ट कवि जनही २० हजार रुपैयाँ र प्रमाणपत्रसहित पुरस्कृत भए ।

उक्त पुरस्कार अर्पण समारोहका विशिष्ट अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले कविले नेपाली समाजलाई अध्येताको आँखाबाट हेर्न सक्नुपर्ने



बताउँदै विश्वलाई नेपाली कविले मौलिक स्वादका कविता दिन सक्नुपर्ने धारणा राखे ।

राष्ट्रिय कविता महोत्सव -२०८० पुरस्कार अर्पणसमारोह नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको अध्यक्षतामा सम्पन्न भएको हो । उनले यस पटकदेखि सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान भन्ने मूल ध्येयका साथ कविता महोत्सवलाई समावेशी र सहभागितामूलक सिद्धान्तको रूपमा आत्मसात गर्दै प्रथम, द्वितीय र तृतीय हुने परम्परागत ढाँचालाई बदल्दै प्राप्त कविका कविता मध्ये उत्कृष्ट १० कवि र कविता घोषण गर्न शुरु गरिएको बताए ।

प्रज्ञा प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठ 'विमल निभा'ले स्वागत मनतव्य राख्दै एकलभाषी कविता महोत्सव हुँदै आएकोमा यससम्बन्धी संरचनात्मक शैली हेरफेर गरेर राष्ट्रिय कविता महोत्सवलाई बहुभाषिक बनाएकाले नै सबै भाषाका कविहरूको आकर्षण बढेको बताए ।

समारोहको सञ्चालन गर्दै प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले फरक स्वाद र शैलीका साथ यस पटकदेखि शुरु गरिएको बहुभाषिक 'राष्ट्रिय कविता महोत्सव'मा सर्वाधिक कविता आएको बताउँदै यसले प्रज्ञा प्रतिष्ठानप्रति कविहरूको आस्था र विश्वास बढेको बताए ।

यस्तै प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा काव्य विभाग प्रमुख बाबा बस्नेतले यस पटकदेखि राष्ट्रिय कविता महोत्सवलाई बहुभाषिक र समावेशी बनाइएकाले नेपालमा बोलिने १२४ भन्दा बढी भाषाभाषीको आस्थाको केन्द्र प्रज्ञा प्रतिष्ठान भएको बताए । उनले ८९२ वटा कविता इमेल र प्रत्यक्षमार्फत दर्ता हुन आएकामा मूल्यांकन समितिले १० वटा उत्कृष्ट कविता छनोट गरेको उल्लेख गर्दै युगको ज्वलन्त आवाज कविताले बोलेको प्रष्ट पारे । यसै क्रममा बस्नेतले राष्ट्रिय कविता महोत्सव-२०८०को संक्षिप्त प्रतिवेदन प्रस्तुत गरे ।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा काव्य विभाग प्रमुख बाबा बस्नेतको संयोजकत्वमा ५ सदस्यीय 'राष्ट्रिय कविता महोत्सव-२०८० कविता मूल्यांकन समिति' गठन गरिएको छ। यसैगरी सदस्यहरूमा प्रतिसरा सायमि, रमण घिमिरे, ओमकार उप्रेती 'प्रथा', हाङयुग सुब्बा थाम्सुहाङ (हाङयुग अज्ञात) र दीपक सापकोटा रहेको उक्त समितिले उत्कृष्ट १० कवि र कविताको चयन गरेको हो ।

# पत्रकार महासंघ गोरखाको आफ्नै भवन

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघ गोरखाले आफ्नै भवन बनाएको छ। भवनको शनिबार एक समारोहकाबीच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरेका छन् ।

नवनिर्मित भवनको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले स्वतन्त्रताको नाममा छाडातन्त्र मौलाउँदै गएको अवस्था देखिएको बताए । उनले पत्रकारहरुलाई इमानदारीपूर्वक काम गरेर पत्रकारिताको मर्यादालाई कायम राखेर अघि बढ्न आग्रह गरे । गण्डकी प्रदेश सरकार पत्रकारिता जगतको विकासका लागि पत्रकारिता क्षेत्रसँग हातेमालो गरेर अघि बढ्न तयार रहेको उनले



बताए। मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशलाई सबैको नमुना प्रदेश बनाउन पत्रकारिता क्षेत्रले पनि नयाँ बाटो देखाउन अनुरोध गरे ।

महासंघ गोरखाका अध्यक्ष नरहरि सापकोटाले भवन निर्माण गर्ने सपना पूरा भएको बताए । अध्यक्ष सापकोटाले महासंघ गोरखाको भवन निर्माणसँगै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बुलन्द आवाज बनाउन भरपुर सदुपयोग हुने पनि विश्वास दिलाए । उनले भवन निर्माणका लागि सहयोग गर्ने सबैमा अभार व्यक्त गरेका छन् ।

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य नन्दप्रसाद न्यौपाने, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष कृष्णचन्द्र देवकोटा, गोरखा नगरपालिकाका मेयर कृष्ण राना, नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष विपुल पोखरेल, पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्मा, जग्गादाता शम्भु खत्रीलगायतको उपस्थिति रहेको थियो ।

## Rohini Rural Municipality
## Office of the Rural Municipal Executive

**Dhakdhai, Rupandehi**
**Lumbini Province, Nepal**

### Invitation for Electronic Bids

**Date of First Publication: Sep 10th, 2023 (Bhadra 24th, 2080)**

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online sealed quotation under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** or may visit the Rural Municipal Office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Estimated Amount (Excluding VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/SQ/ Goods/ RRM/ 2080-81 | Procurement of Medicine for Basic and Emergency Health Services | 40,07,559.67 | 10,1000.00 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Dharauti Khata No. 9441498734524002 | 3,000.00 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Antarik Rajsaw Khata No. 0942050029211003 | Sep 25th,2023 (Asoj 8th,2080) At 12:00 pm | Sep 25th,2023 (Asoj 8th,2080) At 14:00 pm | 90 Days |

Bidders are instructed to read the corresponding Sealed Quotation Document carefully before the submission of bid.

**Chief Administrative Officer**

## साधारण सभा सम्बन्धी सूचना

यस सहकारी संस्थाको मिति २०८०/५/१८ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाको तेह्रौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बोलाउने र यस सभामा तल उल्लेखित विषय (एजेण्डा) उपर छलफल गर्ने निर्णय गरेकाले संस्थाका शेयरधनीहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ।

**सभा बस्ने मिति** : २०८०/०६/११ गते
**सभा हुने थान** : द ग्रिल नेशन, गौशाला काठमाडौं (वत्तिस पुतलीको बाजेको सेकुवा अगाडी)
**सभा बस्ने समय** : दिनको ४:०० बजे
**सभामा छलफल गरिने विषयहरु** :

१) सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२) लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
३) कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
४) सस्थाको आर्थिक वर्ष २०७९/०८० को आय व्ययको विवरण सम्बन्धमा ।
५) आ.व.२०८०/८१ को आय व्ययको परिक्षण गर्न परिक्षक नियुक्त गरि पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६) लाभांश वितरण सम्बन्धमा ।
७) आर्थिक वर्ष २०७९/०८० मा सदस्यहरुलाई दिईएको छुट, मिनाहा सम्बन्धमा ।
८) कर्जामा लिने ब्याज र निक्षेपमा दिने ब्याज तोक्ने सम्बन्धमा ।
९) बचत तथा ऋण निती संसोधन सम्बन्धमा ।
१०) विनियम संसोधन सम्बन्धमा ।
११) निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१२) संचालक समिति, लेखा समिति र कर्जा समितिको भत्ता बृद्धि गर्ने सम्बन्धमा ।
१३) बिविध ।

**पिपल वृक्ष वचत तथा ऋण सहकारी संस्था लि.**
**नयाँ बानेश्वर काठमाडौं**



मध्यान्ह
www.madhyanhadaily.com
२४ भदौ २०८०, आइतबार
10 September 2023, Sunday

## सम्पादकीय

### बाटो बिराउँदै नयाँ र स्वतन्त्रहरू


धरान उपमहानगरका मेयर हर्क साम्पाङलाई सार्वजनिक कार्यक्रममा प्रश्न गर्ने एक युवकलाई प्रहरी हिरासतमा लिइयो । तर मुद्दा चलाउनुपर्ने अभियोग नभएकाले एक रात हिरासतमा राखेर प्रहरीले छोडेको छ । प्रश्न गर्ने युवक हिरासतबाट छुटेपनि त्यो प्रकरणमा मेयरमाथि बलियो प्रश्न उठेको छ । किनकि कार्यकारी प्रमुखलाई प्रश्न गर्न पाउनु नागरिक संवैधानिक अधिकार हो । त्यही अधिकार उपयोग गरी ती युवकले प्रश्न गरेका थिए । तर प्रश्न गरेबापत हिरासतमा लिइयो । यसअघि पनि आफ्नो विरोध गर्नेहरूलाई मेयर साम्पाङले सामाजिक सञ्जालबाट अनेक आरोप लगाउने गरेका थिए । यसपटक आरोप मात्रै नभएर हिरासतमै राखेका छन् । यो घटनासम्म आइपुग्दा मेयर साम्पाङले आफू जुन बाटो भएर आएका थिए, त्यो बाटो बिर्सेको प्रष्ट हुन्छ ।

किनकि संविधानले दिएको प्रश्न गर्न पाउने अधिकारकै उपयोग गरी गैरदलीय उम्मेद्वारी दिएर पनि साम्पाङले मेयर जितेका थिए । उनीसँगै काठमाडौं महानगरमा बालेन शाहले मेयर जितेका थिए । बालेनले पनि आफ्नो प्रतिकुल हुने घटनाको सामाजिक सञ्जाल र महानगरको बल प्रयोग गरी गैरसंवैधानिक प्रतिवाद गरिरहेका छन् । केही दिन अगाडि मात्रै महानगरको गाडीलाई प्रहरीले सोधपुछ गरेकोप्रति आक्रोशित हुँदै सिंहदरबारमै आगो लगाइदिने सार्वजनिक चेतावनी दिएका थिए । उनको उक्त स्टाटसको चर्को विरोध भयो । तर उनले चुपचाप बसेर आलोचनाको प्रतिवाद गरेका छन् । बरू लगत्तै नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि सार्वजनिक स्थलमै खुकुरी प्रहार भयो । खुकुरी प्रहार गर्नेलाई प्रहरीले नियन्त्रणमा लिएपनि पुराना दलका नेताहरूले बालेनकै अभिव्यक्तिको शृङ्खलासँग जोडेर व्याख्या गरे ।

बालेन र हर्क साम्पाङले जसरी नै अप्रत्यासित मत पाएर संसद्को चौथो ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवी लामिछानेले गृहमन्त्रीबाट हट्नु परेको आक्रोशमा आमसञ्चार माध्यममाथि गम्भीर आरोप लगाएका थिए । आफ्नो राजनीति बिग्रनुको सम्पूर्ण दोष मिडियाको कारण भएको उनको अभिव्यक्तिलाई त्यसैबेला अनुचित ठानिएको थियो । यी लगातारको घटनाक्रमको प्रवृत्ति भनेको राजनीतिक स्वतन्त्रतालाई अराजकतामा बदल्ने र आफूलाई प्राप्त जनमतको दुरूपयोगकै प्रवृत्तिसँग तुलना गर्न सकिन्छ । किनकि संविधानको पालना गर्न पुराना दलहरू चुकेको निष्कर्षसहित निरन्तर प्रश्न गरेरै यी पात्रहरू राजनीतिमा आएका थिए । तर अहिले जस्तो प्रवृत्ति देखाइरहेका छन्, यसले ती पात्रहरूमा पनि परम्परागत शक्तिहरू जस्तै रहेको सन्देश गइरहेको छ । सँगै, संविधानको सर्वोच्च र कानूनी शासनको पक्ष कमजोर बनिरहेको छ । कम्तिमा आफू हिडेको बाटो बिर्सनु यी पात्रहरूको दायित्व हो ।

# नेपालमा हिन्दु र बौद्धको विस्तार

अग्रलेख



● विकेश श्रेष्ठ

प्राचिनकालमा उत्तर भारतको मध्य बैशाली राज्य लिच्छविहरुको राज्य थियो । बैशालीबाट बिस्थापित भएपछि उनीहरु उत्तर भारत हुँदै नेपालमा शरणार्थीका रूपमा आएको देखिन्छ । लिच्छविहरु नेपाल उपत्यका आएर नेवार र किराँत सम्प्रदायसँग सामाजिक एवम् सांस्कृतिकरूपले घुलमिल भएर नेवार भाषा र संस्कृति आत्मसातिकरण गर्दै झण्डै आधा शताब्दीमा उपत्यकाको राजकाज नै अधिनमा लिएको पाइन्छ । उत्तर भारत बैशालीका लिच्छविहरुलाई नेपालय उपत्यका आए जस्तै उत्तर भारतकै कुशीनगर वा गोरखपुरबाट मल्ल वंशीय समुदायहरु पनि समूह-समूहमा नेपालका मध्य र पश्चिम पहाडी भूभागमा बस्ती बसाउँदै फैलिँदै आएका तथ्य इतिहास केलाउँदा भेटिन्छ । इतिहासकार एचसि रायका अनुसार प्राचिन भारत वर्षका मल्लहरु नै बिस्तारै नेपालको तराई क्षेत्रमा खासगरी बागमती क्षेत्रको तटीय किनार बसाई सर्दै अघि बढ्दै उनीहरु नेपाल उपत्यका बसाई सरेर परिस्थितीको फाइदा उठाइ शासन सत्तामा अधिकार जमाउन पुगेका हुन् ।

समष्टिगतरूपमा हिन्दु धर्म र सांस्कृतिको जगेर्ना संरक्षण र बिस्तारमा कर्णाट शासकहरुको ठूलो योगदान रहेको पाइन्छ । उनीहरुले आफ्ना राज्यमा प्रवेश गर्ने हिन्दु राज्यबाट आएका प्रकाण्ड बिद्वान पण्डितहरुलाई आश्रय मात्र नदिएर उनीहरु मार्फत अनेकौं हिन्दु धर्मसम्बन्धि ग्रन्थ लेखाउनुको साथै हिन्दु धर्म र सांस्कृतिको पवित्रताको सुरक्षाका लागि नयाँ-नयाँ थीति, व्यवस्था, मूल्य एवम् मान्यताहरुको स्थापना गर्न लगाए । तत्कालिन मिथिलामा 'पन्जिकरण' यसको एउटा उदाहरण हो । यस व्यवस्थाअन्तरगत जाति प्रथालाई कठोर र अझ व्यवस्थित बनाइएको थियो । (नेपालको इतिहास, गणेश क्षेत्री र रामचन्द्र, २०६०)

तेह्रौं शताब्दिमा उत्तर भारतको भ्रमणमा आएका तिब्बती बौद्धयात्री धर्म श्वामीले तिरहुत राज्य र राजधानी सिम्रौनगढलाई बौद्ध धर्मले प्रभाव पार्न नसकेको एउटा स्वतन्त्र हिन्दु राज्यको रूपमा चर्चा गरेका छन् । पछिल्लो वंशावलीअनुसार जयस्थिती मल्लले गरेको सामाजिक सुधारका निमित्त तिरहुतिया पण्डितहरु नै जिम्मेवार रहेका देखिन्छन् ।

लिच्छविकालमा पशुपति, चाँगु नारायण, कुम्भेश्वर, भ्रिंगारेश्वरलगायतका प्रसिद्ध मन्दिर निर्माण भएको अवस्थामा हिन्दु र बौद्ध दुबै संस्कृति मूल्य मान्यतालाई राज्य स्तरको मान्यता दिन्थे । स्वयम् लिच्छविहरु नै भारतको बैशाली क्षेत्रबाट आएकाले उनीहरु बिहार र त्यहाँका वास्तुकलासँग राम्ररी परिचित थिए । त्यसैले बौद्ध मततिर आस्था राख्ने लिच्छवि राजाहरुले उत्तर भारत बिहारका वास्तुशैलीअनुरूप कै बिहारहरु नेपाल उपत्यकामा बनाउने कुरा स्वभाविक थियो । लिच्छवि राजाहरुले झैं खस मल्ल राजाहरु प्रायजसो हिन्दु संस्कृति सभ्यतामा रहेर पनि बौद्ध बिहार निर्माण गर्न किञ्चितरूपले पछाडी परेनन् । बोधीसत्व, पद्मपाणि, आर्य तारा र सुर्खेतको काँक्रे बिहारका प्रसिद्ध बौद्ध वास्तुकला नमूना भएका छन् । खासगरी क्राचल्ल, अशोक चल्ल, रिपु मल्ल र पुण्य मल्ल आदी राजाहरुको पालामा बौद्ध राज धर्म, सांस्कृतिको रूपमा ग्रहण गरेकाले खस मल्ल राज्यमा तुलनात्मकरूपले बौद्ध धर्मको प्रभाव राम्रो देखिन्थ्यो । प्राग ऐतिहासिक तथा प्राचीनकालिन इतिहासदेखि समाज र राष्ट्र चिनाउने स्थायी, मानवीय र सामाजिक तत्व भनेको संस्कृति र सभ्यता हो । धर्म शब्दको ब्यूत्पती नहुँदै मानिसले आस्था आफ्नै शैली, तरिकाले विधि र विधानअनुसार संस्कृति सभ्यताको स्थापना गर्दै मान्दै पूर्वजका परम्परा कायम राख्दै आफ्नो धर्मको पालन गरेका थिए ।

नेपालय उपत्यकाका आदिम रैथाने बासिन्दाहरु जो-जो अस्तित्वमा देखिए प्राय: सबै भोट बर्मेली समुदायअन्तर्गतका तमाङ, नेवार, किराँत र



*नेपालय उपत्यकामा आएका प्राय:जसो आगन्तुकहरुले यहीँको संस्कृति, सभ्यता र भाषालाई अंगिकार गरेको पाइन्छ । साथै, प्रकृतिपूजक रैथाने बासिन्दाहरुले पनि हिन्दु सांस्कृतिक सभ्यता र बौद्ध ज्ञानलाई स्वीकार गरेको देखिन्छ । मुख्यत: नेवार समुदाय र आर्य द्रबिड मुलका आगन्तुकहरुले साथ लिएर हिन्दु-बौद्ध संस्कृति र सभ्यता समायोजन भइ नेपालयको पहिचान बन्न पुगेको तथ्य इतिहासमा भेटिन्छ ।*

मगर हुन् भने मध्यकालमा आर्य द्रबिड जाति प्रजातिका समुदायहरु दक्षिण पश्चिमतर्फबाट भारतको भूमी हुँदै नेपालयका पश्चिम र मध्यकालिन देशमा आ-आफ्ना पूर्वजहरुको हिन्दु सांस्कृतिक सभ्यता अर्थात् ज्ञान, सिप, शैली र जनजीवनका तमाम आयाम साथमा ल्याए ।

विशेषगरी नेपालय उपत्यकामा आएका प्रायजसो आगन्तुकहरुलाई यहीँको संस्कृति, सभ्यता र भाषालाई अंगिकार गरेको पाइन्छ । स्थानीय रैथाने बासिन्दाहरुले व्यवस्थित र जहाँ तहीँ स्थापित भइसकेको हिन्दु सांस्कृतिक सभ्यता र बौद्ध ज्ञानलाई आफैमा मिलाए अर्थात् आफ्नो बनाए । यसरी भोट बर्मेली मुलका आदिबासी तामाङ र किराँत मुख्यत: नेवार समुदाय र आर्य द्रबिड मुलका आगन्तुकहरुले साथमा लिइ आएको हिन्दु-बौद्ध संस्कृति सभ्यता समायोजन भइ नेपालय संस्कृति सभ्यताको पहिचान बन्न पुग्यो । लिच्छविकालिन राजमा राज्यको स्वरूप अनि सांस्कृतिक र सामाजिक व्यवस्थापना प्रारूप सुरुवात भएको देखिन्छ । बैशाली राज्य सामन्तको यूगमा प्रवेश गरेको र तत्कालिन समयमा सामन्ती राज्यको शासन तुलनात्मकरूपले शक्तिशाली मानिन्थे । सामन्तवादी सामाजिक एवम् सांस्कृतिक व्यवस्थापना व्यवस्थित बनाउन सुरुवात गरेका थिए । नेपाल उपत्यका आएर राजकाज अधिनमा लिएका लिच्छवि राजा र समुदायले राज्य र समाज सुधारका धेरै कार्य गरेको पाइन्छ । लिच्छविकालिन मुर्तिकला र वास्तुकला नेपालयको परिचयको रूपमा अझै पनि प्रसिद्ध छ । लिच्छविकालिन सामाजिक संरचना जाती, वर्ण र हिन्दु, शैव र बौद्ध सांस्कृतिका आधारमा व्यवस्था गरेको देखिन्छ । लिच्छविकालिन अभिलेखहरुमा ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र र चन्डालको उल्लेख भएको र जात र वर्ण व्यवस्थाअनुसार उनीहरुको पेशा, खानपीन, रहनसहन र पहिरनसमेत तोकिएअनुसार हुन्थे । लिच्छविकालिन समाज जात र वर्णाश्रमअनुसार राज्यबाट निर्धारित नियमको व्यवस्थापन चलेको थियो । लिच्छविकालिन समयमा बौद्ध र हिन्दु संस्कृतिबारे प्रचार प्रसार र जनचासो जिज्ञासा भएको पाइन्छ । स्वाभाविकरूपले राजतन्त्रात्मक सामन्तवादी राज्यको उन्नत विकास भएको दक्षिण पश्चिम भूभागबाट प्रभाव फैलिँदै आएको, राज्य सत्तामा अधिन लिएका लिच्छविहरुले नेपालय समाजमा हिन्दु सामाजिक संस्कृति सहजै अन्तरघुलन गर्न सके । त्यसैगरी बौद्ध सामाजिक सुधारका ज्ञान पनि राजा महाराजहरु र ठूला महाजन र कुलिन वर्गले नै प्रचार प्रसार गर्न प्रमुख योगदान गरेकाले यसलाई पनि बौद्ध धर्म सांस्कृतिको रूपमा ग्रहण गरे ।

त्यसभन्दा पहिले गोपाल किराँतकालिन समयमा हिन्दु र बौद्ध नामको समाज वा संस्कृति नेपालयमा पाइएको छैन । गोपाल र किराँतकालिन समाज आदिम प्रकृतिको भएको र त्यसबेला प्रकृति र पूर्वजहरुलाई मान्ने संस्कृति सामाजिक मान्यता थिए । त्यस संस्कृति सभ्यतालाई कालान्तरमा पाशुपत, शैव, शाक्त आदी नामले जान्न थालियो । तत्कालिन कालमा नेपालयमा भर्खरै सामाजिक गणपति राज्य उन्मुख हुँदै गरेको समाज र सांस्कृतिक सामाजिक सभ्यताभन्दा उन्नत र शक्तिशाली राज्यबाट प्रभाव बिस्तार गर्दै नेपालय प्रवेश गरेको हिन्दु बौद्धको सांस्कृतिक सभ्यताको प्रभावमा यहाँको आदिम संस्कृति सँगसँगै रूपान्तरण र अन्तरघुलन हुन बाध्य भए । लिच्छविकालमा राज्य संचालकहरुको तहगत संरचना सशस्त्र बल, न्याय व्यवस्था, सामाजिक र आर्थिक व्यवस्थालाई व्यवस्थित गरे । लिच्छवि बंश समुदायका हिन्दु संस्कृतिलाई राज्यको धर्मको रूपमा सर्वप्रथम लिच्छविहरुको शासन कालमा लागु गर्न सुरुवात गरे । संयुक्त परिवार युक्त समाज बसाउन नीति नैतिक बन्धन कायम गरे । जन्म, मृत्यु, व्रतबन्ध, विवाह जस्ता कर्मकाण्ड संस्कार चलाए । कर्मकाण्डहरु संस्कार परम्पराको रूपमा मान्ने प्रचलन थिए ।

मध्यकालको प्रारम्भमा हिन्दु, बौद्ध, शैव सांस्कृतिक सभ्यता र परम्पराको रूपमा सामाजिक जीवनमा सीमित भएकाले सबै सांस्कृतिक सम्प्रदायहरु बिच सद्भाव र मैत्री सम्बन्ध भएको पाइन्छ । तथापी लिच्छविकालिन शासन र सामन्तवादी राज्य व्यवस्थापन मजबुत बनाउने प्रपञ्च गर्ने क्रममा धर्मलाई कर्मकाण्ड र स्वर्ग नर्कको मसला बनाइए । त्यसै गरेर हिन्दु संस्कृति र बौद्ध ज्ञानलाई धर्मको रूप नामाकरण गरिए । धर्मलाई अलौकिक तत्व बनाइए । धर्मको अपव्याख्या गरी शासकीय साधनको रूपमा प्रयोग गर्न यही बिन्दुबाट सुरु भयो । वर्ण व्यवस्था र जात प्रथा हिन्दु संस्कृतिलाई धर्मको नाम दिएर सुरु गरियो । प्रारम्भमा हिन्दु-बौद्ध सांस्कृतिक सम्प्रदाय तथा समुदायको मामिला थियो । जसरी भोट बर्मेली मुख्यत: नेवार, तामाङ र किराँत समुदायहरुसँग आर्य र द्रबिड सम्प्रदाय अन्तरघुलन तथा घुलमिल भए, त्यसरी नै आदिबासी रैथाने बासिन्दाहरुका सनातनदेखि मान्दै चल्दै आएको रीतिरिवाज, चालचलन, परम्पराको सांस्कृतिक सभ्यता (शाक्त शैव पाशुपत सम्प्रदाय)मा हिन्दु बौद्ध सांस्कृतिक सभ्यता सहजरूपले समाहित भएको पाइन्छ । यसकारण मध्यकालिन समयदेखि नेपालको मुख्य सांस्कृतिक सामाजिक सभ्यताको रूपमा नेपालीपनको हिन्दु र बौद्ध मानिन्छन् ।

## सामाजिक सञ्जाल



- सेतेमान तामाङ

ओलीले संसद अपहरण गरी सर्वोच्च अदालतको परमादेशबाट नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा जनमत नभई परमादेशबाट बनेको सरकार भन्थे अब कोशीमा एमाले नेता हिम्मत कार्की मुख्यमन्त्री हुँदा जनमत भन्ने कि परमादेशबाट बनेको सरकार भन्छन् होलान् ? नैतिक प्रश्न उब्जिएका छन् ।



- निर्मल प्रसाइँ

६० किलो सुन तस्करी प्रकरणमा चार वटा परिवारको संलग्नता देखिएको तथ्य सर्वत्र आइसक्यो । सयौं कल रेकर्ड भेटियो, सुन गाल्ने मेसिन भेटियो, भियाना कम्पनी भेटियो, भरियालाई नागरिकता उपलब्ध गराएको भेटियो, भन्सारमा दबाब दिएको भेटियो । यस्तै, ढाकछोप र पक्षपोषण गर्दा भौतिक हमला गरेका हुन् ।



- कल्याण गुरुङ

मिठो/मिठो झुठो गफ दिने गफाडीहरुको कमी छैन । सत्य, तथ्य र तथ्यांकको आधारमा तर्कसहित शालिन र शान्तिपूर्ण ढंगले आफ्नो विचारहरु प्रष्टसँग राखौं । चित्त नबुझेको विषयहरुमा इमानदार भएर सम्मानपूर्वक प्रशस्त प्रश्नहरु गरौं । समस्याहरुको इमानदारपूर्वक शान्तिपूर्ण र दीगो समाधानहरु खोजौं ।



- शैलेन्द्र थापा

एक प्रतिनिधि जो सिंहदरबारलाई आगो लगाइदिन्छु भन्दै लेख्छन् र त्यसको तल ९८% ले सही हो भन्दै लेखेर समर्थन गर्छन्, एक नेतालाई सार्वजनिक कार्यक्रममा खुकुरी प्रहार गरिन्छ, अधिकांशले सही हो नै भन्छन् । हामी समृद्धिको दिशामा अघि बढ्नभन्दा नि अराजकता नै बढोस् भन्ने चाहेका त रैछौ नि !

# बहसमा वैदेशिक रोजगार ऋण

विचार



● ख्याम नारायण मानन्धर

*बैंकहरुबाट वैदेशिक रोजगार ऋण प्रवाह गर्दा यसको मुख्य स्टेक होल्डर म्यानपावर व्यवसायी र यसको छाता संगठन, नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग पनि सहकार्य गर्नु आवश्यक छ । सरकारको एकल हठ र ढिपीमा यो योजना बाध्यकारी होला, तर तुहिने सम्भावना अधिक रहन्छ ।*

केही वर्ष अगाडि साबिकको बैंक अफ काठमाण्डुले केन्द्रीय कार्यालयबाट वैदेशिक रोजगारमा जाने कामदारहरुलाई सम्बन्धित म्यानपावर कम्पनीको सिफारिस र जमानीमा बिना धितो वैदेशिक रोजगार ऋण उपलब्ध गराएको थियो । अधिकांश कामदार हरुबाट त्यस प्रकारको ऋणमा सम्झौताअनुसार रकम फिर्ता नगर्दा बैंकको ऋण असुली क्षमता र बैंकको उक्त प्रोडक्टमा नै प्रश्न उठेको थियो ।

हालै केही समाचार माध्यमहरुका पुन: वैदेशिक रोजगार ऋण प्रवाह हुनेबारे श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गर्न लागेको व्यवस्था भन्दै वैदेशिक रोजगार विभागले गृहकार्य थालेको भन्ने सूचनाहरु सम्प्रेषण गरेका वा सामाजिक सञ्जालमा पोष्टहरु आएका छन् । उक्त समाचारहरुमा वैदेशिक रोजगारीमा जाँदा लाग्ने खर्च बैंकले ऋणमार्फत दिने व्यवस्था गरिने भनिएको छ । तर, उक्त ऋण श्रमिकको खातामा नभई सिधै म्यानपावर व्यवसायीको खातामा जम्मा हुने व्यवस्था मिलाउने पनि भनिएको छ । वैदेशिक रोजगारमा जाने कामदारहरुले विदेश जाँदा भुक्तानी गर्ने शुल्कको गाउँका आफन्तबाट वा साहु महाजनहरुबाट ऋण लिँदा बढी ब्याजदरमा पर्ने, त्यसको असर उनीहरुका आम्दानी/बचतमा परेको भन्ने ठम्याई सम्बन्धित निकायको छ । हुण्डीको प्रयोगमा भन्दा बैंकिङ्ग च्यानलको सफल प्रयोग हुन्छ भन्नेमा सरोकार पक्ष बढी विश्वासमा देखिन्छ । राष्ट्र बैंकमार्फत यसलाई प्राथमिकताको क्षेत्रमा तोकिदिएको अवस्थामा श्रमिकहरुले सहुलियत ब्याजदरमा ऋण पाउने छन् । जसका लागि बैंकहरुले त्यस्ता ऋणमा धितो नलिने, सरकार नै जमानीमा बस्न सक्ने पनि भनिएको छ । यसरी बैंकले प्रवाह गर्ने वैदेशिक रोजगार ऋणमा बीमाको व्यवस्था हुने/रहने भन्ने पनि छ । सरकारले यसबाट म्यानपावर व्यवसायीहरुले लिने भनिएको चर्को शुल्क र सम्भावित समस्यामा कमी आउने अपेक्षा गरेको देखिन्छ ।

अब प्रश्न उठ्छ, यसको आवश्यकता, औचित्य र मौजुदा कानुनी प्रावधानहरुमा । बैंकहरुबाट वैदेशिक रोजगार ऋण प्रवाह गर्दा यसको मुख्य स्टेक होल्डर म्यानपावर व्यवसायी र यसको छाता संगठन, नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग पनि सहकार्य गर्नु आवश्यक छ । सरकारको एकल हठ र ढिपीमा यो योजना बाध्यकारी होला तर, तुहिने अधिक सम्भावना छ । गत ७ चैत्र २०७९ बाट शुभारम्भ भएको सामाजिक सुरक्षा कोष एउटा बाध्यकारी व्यवस्था थियो वा अनिवार्य शर्त थियो, तर सोपश्चात कति प्रतिशत कामदारहरुले यो सामाजिक सुरक्षा कोषको नविकरण गरेका छन् भन्ने प्रश्नमा सरकार जवाफदेही छैन । सायद प्रतिशतमा यसको नविकरण दर शून्य नै छ ।

बैंक तथा वित्तीय संस्थाहरुले पनि वैदेशिक रोजगारमा जाने कामदारहरुलाई के-कति ऋण प्रवाह गर्न मिल्छ भन्ने बारेमा पनि वैदेशिक रोजगार ऐन/नियमावलीअर्न्तगत नेपाल सरकारले तोकेको वैदेशिक रोजगार शुल्कबारे अध्ययन गर्नुपर्दछ । नेपाल सरकारले मलेशिया जाने कामदारसँग कुनै पनि म्यानपावर कम्पनीले शुल्क लिन नपाउने भनेको छ, साथै खाडी देशहरुमा जान रु. १० हजार, जापान रु. ५० हजार, लेवनान रु. ७० हजार, मौरिसर रु. १९ हजार, पोल्याण्ड रु. ८०.४ हजार, रसिया रु. ८० हजार र दक्षिण कोरिया रु. एक लाख तोकेको छ । यसैका आधारमा ऋण प्रवाह गर्ने हो भने सरकारको यो आधार निश्प्रभावी हुन्छ, यदि कामदारहरुको मागअनुसार नै प्रवाह गर्ने हो भने व्यवसायीहरुबाट अवश्य असहयोग हुन्छ । त्यसमा कर तथा आम्दानी खर्चका आर्थिक पाटाहरु पनि सँगै जोडिन्छ । अर्थात् मौजुदा वैदेशिक रोजगार सेवा शुल्कलाई परिमार्जन गर्नुपर्दछ । जसमा वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जान श्रम स्वीकृति दिँदा नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय (राज्यमन्त्रीस्तर)बाट मिति २०७२/०२/२६ र मिति २०७२/०३/०६को निर्णय नं. १ देखि १० सम्मलाई आधार बनाउनु पर्नेछ ।

यदि मलेसिया जाने युवाले आफ्नो श्रम स्वीकृतिका आधारलाई पेश गर्दै सम्बन्धित बैंकमा ऋणको प्रस्ताव गरे बैंकले कुन आधारमा कति रुपैंया ऋण दिने, सरकार कसरी जमानत रहने भन्ने कानुनी स्पष्टता छैन, यसले झन उल्झन स्थापित गर्दछ । सरकारी तबरबाट कोरिया जानैका लागि सरकारले एक लाखसम्म लागतको अनुमान गरेको छ, यद्यपी, कामदारहरुले हवाई टिकट मात्र करिब रु. एक लाख १८ हजारभन्दा बढी खर्च गर्छन् । अन्य अदृष्य शुल्कहरु यथावत हुँदा त्यसको ऋण प्रवाह बैंकबाट जारी भए उक्त ऋणको रकम सरकारले कसरी स्वीकार गर्दछ र कामदारले बैंकबाट उनीहरुको नाममा जाने ऋण रकम सरकारको कुन खातामा जम्मा गराउँछ प्रश्न उठ्छ । कारण म्यानपावर कम्पनीहरुको बैंक खातामा जम्मा हुने भन्ने प्रावधान हुँदै गर्दा सरकारले नै म्यानपावर व्यवसाय सञ्चालन गरेको अवस्थामा यसको वैद्यानिकता सम्बन्धित निकायबाट प्रष्ट्याउनु पर्ने देखिन्छ ।

यदि बैंक तथा वित्तीय संस्थाहरुले सरकारले तोकेकोभन्दा बढी ऋण उपलब्ध गराए त्यसको कानुनी वैद्यता के हुन्छ, कामदारहरुले उक्त सीमाभन्दा बढी ऋण भुक्तानी दिँदैनौ भने त्यसको ऋण असुली प्रक्रिया कस्तो हुन्छ, बैंकले पनि तोकिएको शुल्कभन्दा बढी ऋण प्रवाह दिन मिल्दैन । जानकारी रहोस्, कुल श्रम स्वीकृतिको ४० प्रतिशतभन्दा बढी मलेशिया श्रम स्वीकृति र सोही अनुपातमा खाडी देशको श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जान्छन् भने उनीहरुलाई यस्तो ऋणको आवश्यकता नै पर्दैन भने सरकारको यो योजनाको कुनै अर्थ र तुक देखिँदैन । हैन भने सरकारले यो वैदेशिक रोजगार सेवा शुल्क परिमार्जन गर्नुपर्दछ र बैंक तथा वित्तीय संस्थाहरुले सोहीअनुसार ऋण प्रवाह गर्न सक्छन् ।

वैदेशिक रोजगारले राज्यको अवस्था परिवर्तन गरेको तर, श्रमिकको आर्थिक तथा सामाजिक अवस्थामा कुनै परिवर्तन नभएको भन्ने पनि छ । सरकारले तिनै युवाहरुको राज्यप्रतिको योगदानमा केही सुविधाहरु स्थापित गरेका छन्, जसमा वैदेशिक रोजगार बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार शेयर लगानी अवसर महत्वपूर्ण छन् । जसमा तिनै कामदारहरुबाट प्राप्त रेमिट्यान्सको मुख्य योगदानमा श्रमिकहरुप्रति राज्यको दायित्व पूर्ण भने होइन । राज्यले वैदेशिक रोजगारमा पठाउँदा उपलब्ध गराउने उल्लेखित सुविधाभन्दा बढी युवाहरुलाई स्वदेशमै रहने वातावरण सिर्जना गर्नु नै महत्वपूर्ण छ ।

## तपाईंको राशिफल

मेष : मुद्दा मामिलामा सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् ।

वृष : प्रभावमा वृद्धि हुनेछ । दैनिक जीवन सुखी रहनेछ ।

मिथुन : विरोधी सकिय रहनेछन् तर, असफल हुनेछन् ।

कर्कट : महत्वपूर्ण भेटघाटको योग छ । यश बढ्नेछ ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा लाभ मिल्नेछ ।

कन्या : सम्बन्धहरुमा विवाद हुने योग छ । स्वास्थ्य राम्रो रहनेछ ।

तुला : नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ ।

वृश्चिक : नयाँ काम बन्नेछ । रोजगार प्राप्तिको योग छ ।

धनु : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : नयाँ कार्यमा प्रगति हुनेछ । विरोधी सकिय हुनेछन् ।

कुम्भ : जग्गा खरीद हुने योग छ । साहसी कार्य सफल हुनेछ ।

मीन : सम्मानमा वृद्धि हुनेछ । आहारमा ध्यान दिनुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मोरक्कोमा भूकम्प, आठ सयभन्दा बढीको मृत्यु



**काठमाडौं/एजेन्सी–** मोरक्कोमा भएको शक्तिशाली भूकम्पमा परी हालसम्म आठ सय २० जनाको मृत्यु भएको छ भने छ सय ७२ जना घाइते भएका छन्। गृह मन्त्रालयका अनुसार घाइतेमध्ये दुई सय पाँच जनाको अवस्था गम्भीर छ।

भूकम्पमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै उक्त मन्त्रालयले मराकेस, अगादिर, कासाब्लाङ्का, औंर्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ। शुक्रबार राति ११ बजेर ११ मिनेटमा गएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए। अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन्।

शक्तिशाली भूकम्पपछि साना-साना धेरै धक्का पनि महसुस गरिएको मोरक्कका सञ्चार माध्यमले बताएका छन्। शुक्रबारको भूकम्प देशमा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली भएको उनीहरूले समाचारमा उल्लेख गरेका छन्। भयानक भूकम्प भएको ३३ वर्षीय अब्देलहक एल अमरानीले बताएका छन्। उनले बच्चाहरू रोइरहेको आवाज सुनेका तथा किंकर्तव्यविभूढ अभिभावकहरूलाई देखेको बताएका छन्। दश मिनेटसम्म बिजुली टेलिफोन सेवा बन्द भए पनि पछि सेवा सञ्चालन भएको उनले बताए। सरकारी अधिकारीहरूका अनुसार देशको एक तिहाइ भूभाग भूकम्पबाट प्रभावित भएकाले ज्यान गुमाउने र घाइते हुनेको संख्या अझै बढ्नसक्ने अनुमान गरिएको छ। भूकम्पले नराम्ररी प्रभावित पर्वतीय क्षेत्रमा रहेका दुर्गम गाउँसम्म निकै कठिनाइ भएको छ। पुराना भवन भएका ती गाउँमा अकल्पनीय विनाश भएको अनुमान गरिएको छ। ती स्थानमा उद्धारकर्ताहरू पुग्न केही दिन लाग्न सक्छ। मराकेस, कासाब्लाङ्कालगायत शहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन्। क्षति एवं हताहतीको विस्तृत विवरण प्राप्त भएको छैन।

यसैबीच विश्वका विभिन्न मुलुकका नेताहरूले मोरक्को सरकारप्रति सहानुभूति प्रकट गर्दै सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। जी २० शिखर सम्मेलनमा भागलिने सिलसिलामा भारतको राजधानी नयाँदिल्लीमा रहेका बेलायतका प्रधानमन्त्री ऋषि सुनकले मोरक्कोलाई आफ्नो देशले हरसम्भव सहयोग गर्ने बताएका छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मोरक्कोलाई सहयोग गर्ने प्रस्ताव गरेका छन् भने फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले पनि मोरक्कोका भूकम्पपीडित जनता र त्यहाँको सरकारप्रति ऐक्यबद्धता प्रकट गरेका छन्।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले मोरक्कोमा भएको 'भयंकर' भूकम्पमा परी छ सयभन्दा बढीको ज्यान गएको खबरले आफू मर्माहत भएको बताउँदै शोक प्रकट गरेका छन्। उनले यथाशीघ्र स्पेनी उद्धार टोली मोरक्को पठाउने बताएका छन्। मोयुक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पनि मोरक्कोलीप्रति ऐक्यबद्धता व्यक्त गर्दै मोरक्को नरेश मोहम्मद छैटौंलाई शोक सन्देश पठाएर समवेदना व्यक्त गरेका छन्।

# अफ्रिकी संघलाई जी–२० को स्थायी सदस्यता

**काठमाडौं/एजेन्सी–** युरोपेली संघसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तर सरकारी संगठन जी-२० मा नयाँ सदस्य थपिएको छ। समूहको स्थायी सदस्यका रुपमा अफ्रिकी संघ थपिएको हो।

जी-२० का अध्यक्ष एवं भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समूहको शिखर सम्मेलनमा स्वागत मन्तव्य व्यक्त गर्दै अफ्रिकी संघको प्रतिनिधत्व गरिरहनुभएका संघका अध्यक्ष अजाली असुमानीलाई जी-२० को स्थायी सदस्यका रूपमा समूहका नेताहरूसँगै आसन ग्रहण गर्न आग्रह गरे। 'सबैको स्वीकृतिमा अफ्रिकी संघका प्रमुखलाई जी-२० को स्थायी सदस्यको रूपमा आफ्नो स्थानमा बस्न अनुरोध गर्दछु,' प्रधानमन्त्री मोदीले आफ्नो स्वागत मन्तव्यका क्रममा भने। प्रधानमन्त्री मोदीको अनुरोधसँगै विदेश मन्त्री एस जयशंकरले युनियन अफ कोमोरोसका अध्यक्ष एवम् अफ्रिकी संघका अध्यक्ष असुमानीलाई विश्व नेताहरूका स्थानमा लिएर गए। जी-२० को सदस्यका रूपमा अफ्रिकी संघलाई समावेश गर्नु भारतको उद्देश्य थियो जुन पूरा भएको छ। प्रधानमन्त्री मोदीले नै अफ्रिकी संघलाई समूहमाा ल्याउन प्रस्ताव गरेका थिए।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२४**

**रियल जव प्रा.लि.** को मिति २०८०/०५/०५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हर्टविट ट्राभल एण्ड होलिडेज प्रा.लि. (Heartbit Travel and Holidays Pvt. ltd.) (प्रा.लि. नं.: २१७५९१३/०७५/०७६)** कायम गर्ने गरी मिति २०८०/०५/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२४**

**सुवास बिजय एशोसियट्स प्रा.लि.** को मिति २०८०/०२/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एक्नो प्लेसमेन्ट प्रा.लि. (प्रा.लि. नं.: ९९४३६)** साथै साविक ठेगाना परिवर्तन गरी **टोखा नगरपालिका-७, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०५/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## Chhedagad Municipality
## Office of the Municipal Executive
Karkigaun, Jajarkot

## Invitation for Bids

**Date of Publication: 2080/05/24**

1. Chhedagad Municipality, Jajarkot invites electronic bids from Nepalese eligible bidders for the supply of following work under National Competitive Bidding procedure.

| Contract Identification No. | Description of work | Estimated Amount including VAT | Bid Security Amount | Bid Validity Period after Bid Opening |
|---|---|---|---|---|
| CM/NCB/ GOODS/ /01/80/81 | Medicine Supply & Delivery of chhedagad municipality | 49,86,898.00 | 1,25,000.00 | 120 Days |

2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3,000 (Non-refundable) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank : Global Ime bank Limited**
**Branch : Chhedagad Branch**
**Name of Office : Chhedagad Municipality Jajarkot**
**Office Account no. : S304010000007 Rajaswa (Antarik Rajaswo Khata)**

3. Only electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs. of of 11 oct june 2023 (24 Ashoj 2080) Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs. of 11 oct 2023 (24 ashoj 2080) at the Office of Chhedagad Municipality Karkigaun Jajarkot. Bid Security in the form of cash should be deposited in the Deposit

**Account A/C No. : S304010000001**
**Account Name : Sthaniyataha Dharauti account**
**Bank name : Global Ime bank**

**For-Chief Administrative Officer**

## कालिञ्चोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सुनखानी, दोलखा**
**बागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थ बिक्रीको लागि बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०५/२४**

कालिन्चोक गाउँपालिकाको तपशिल अनुसारका क्षेत्रहरुमा बागमती प्रदेशको आर्थिक ऐन २०७९ बमोजिम संकलन गरिने ढुंगा, रोडा, ग्राभेल र बालुवाको शुल्कबाट आ.व. २०८०/०८१ मा प्राप्त हुने आय संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम दर्ता भएका ईच्छुक फर्म वा कम्पनीले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र पेश गरी यस कार्यालयबाट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र/दरभाउपत्र फारम खरिद गरि प्रत्येक ठेक्का नं. का लागि छुट्टाछुट्टै शिलबन्दी बोलपत्र/दरभाउपत्र तोकिएको अबधि र समयभित्र दर्ता गर्नका लागि सूचनाका शर्तहरुको अधीनमा रही बोलपत्र/दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | उत्खनन् क्षेत्र | उत्खनन् परिमाण (घन मिटर) | न्यूनतम ठेक्का अंक (मु.अ. कर बाहेक) | बोलपत्र/ दरभाउपत्र फाराम दस्तुर (रु.) | बोलपत्र/दरभाउपत्र जमानत रकम र अबधि |
|---|---|---|---|---|---|
| KRM/NCB/ Goods/Dolakha /02/2080/081 | सिंगटी/चप्लेटी क्षेत्र (U/S 27°43′29.28″N, 86°09′30.36″E, D/S 27°43′25.77″N, 86°09′25.46″E,) | ८६५० | २७,५०,७००।०० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/SQB/ Goods/Dolakha /03/2080/081 | बेनिस्वाँरा क्षेत्र (U/S 27°43′11.81″N, 86°09′12.48″E, D/S 27°43′9.27″N, 86°09′5.83″E,) | ४४७९ | १४,२४,३२२।०० | ३००० | कबोल अंकको ३ प्रतिशत, ७५ दिन |
| KRM/NCB/ Goods/Dolakha /04/2080/081 | गुमुखोला क्षेत्र (U/S 27°42′31.85″N, 86°08′51.43″E, D/S 27°42′22.49″N, 86°08′45.55″E,) | ९८२८ | ३१,२५,३०४।०० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/ Goods/Dolakha /05/2080/081 | कोशीखेत क्षेत्र (U/S 27°41′34.45″N, 86°07′49.85″E, D/S 27°41′32.25″N, 86°07′38.57″E,) | १२९८४ | ४१,२८,९१२।०० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |
| KRM/NCB/ Goods/Dolakha /06/2080/081 | नागदह/मलेपु क्षेत्र (U/S 27°40′53.87″N, 86°06′32.46″E, D/S 27°40′58.64″N, 86°06′28.94″E,) | ८६१२५ | २७,३८,७७५।०० | ३००० | कबोल अंकको ३ प्रतिशत, १२० दिन |

**विस्तृत जानकारीको लागि यस कार्यालयको** website: kalinchowkmun.gov.np **मा समेत हेर्न सकिनेछ।**

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार | कम्पनी: ANOUD SALMAN IBN AHMED AL-ANZI COMPANY FOR OPERATION AND MAINTENANCE
शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८०/०५/२२ | चलानी नं.: ६०२०७३७३ | L.T. No.:292153

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload and Download Operator | 2 | 0 | स. काममा दक्ष | 2000 | ७०८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ३१ देखि असोज ५ गते सम्म (17 to 22 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ५४५/०६१/०६२

FAMOUS HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal (in front of Hope Hospital)
Phone No:4116659,4116660
Email: info@famoushr.com.np, famoushr545@gmail.com. Web:www.famoushr.com.np

## यूएईमा रोजगार | कम्पनी: ROYAL ALLIANCE LABOUR SUPPLY SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०२/२३ | चलानी नं.:६०२०२६९७ | LT. No.: 287356 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packer/porter | 35 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packing & Packaging Worker | 25 | 0 | | 800 | २८,९३६ | | | | | | | |
| 3. | Ordinary Labourer | 25 | 0 | | 800 | २८,९३६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ ३१ गते (17 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1561/079/080

GOOD LUCK MANPOWER Services Pvt. Ltd.
Sinamangal 9,Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com

## कतारमा रोजगार | कम्पनी: NICE DREAMS HOSPITALITY CLEANING SERVICES
शहर : Doha

पूर्व स्वीकृत मिति: २०८०/०४/१७ | चलानी नं.: ६०२०५५२६ | L.T. No.: 290201 | पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 5 | 4 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 2000 | ७२,८६० | | | | | | | |
| 3. | Dry Clean Worker | 2 | 0 | | 1500 | ५४,६४५ | | | | | | | |
| 4. | General Director | 1 | 0 | | 20000 | ७२८,६०० | | | | | | | |
| 5. | General Supervisior | 0 | 1 | | 5000 | १८२,१५० | | | | | | | |
| 6. | Nurse | 0 | 2 | | 5000 | १८२,१५० | | | | | | | |
| 7. | Supervisior | 5 | 0 | | 2500 | ९१,०७५ | | | | | | | |
| 8. | Waiter | 2 | 5 | | 2000 | ७२,८६० | | | | | | | |

अन्तर्वार्ता शाखा कार्यालय विर्तामोडमा २०८० भदौ २६ देखि २८ गतेसम्म (12 to 14 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. १४५३/०७४/०७५

Sara Khasa Human Resource Pvt.Ltd.
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4574798, 9806023427 | 9808338626
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

# बक्स अफिस समाचार

## ‘किनेको भ्युज र फलोअर्सले आत्मसन्तुष्टि दिँदैन’



नेपाली सांगीतिक क्षेत्रमा पछिल्लो समय चर्चामा रहेको नाम हो बेनिशा पौडेल । उनले गाएका अधिकांश गीतहरु चर्चामा रहेका छन् । “नछुटोस्”, “पर्दैन पर्दैन मलाई फकाउन”, “पटुकी बेरेको”, “जहाँ छुन्छु”लगायत दुई सयभन्दा बढी गीतमा आवाज भरिसकेकी बेनिशाले आधा दर्जनभन्दा बढी फिल्मका गीतमा समेत स्वर दिएकी छन् । फिल्म “चुरीफुरी”को टाइटल गीत उनैले गाएकी हुन् । त्यस्तै नाईं नभन्नु लको “क बाट कछुवा”, गत साता प्रदर्शनमा आएको फिल्म “गणपति”को “ख्याल ख्यालमा”लगायत उनको गीतहरु चर्चामा रहेका छन् । गायिका पौडेलले विभिन्न रियालिटी शोमा भाग लिएकी छन् । उनले सन् २०१६ कि सुरशाला आइडलमा प्रतिस्पर्धा गरेकी थिइन् भने सन् २०२२ मा नेपाल आइडलमा टप सेभेनबाट आउट भएकी हुन् । उनै प्रतिभाशाली गायिका **बेनिशा पौडेल**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**नयाँ के ल्याउँदै हुनुहुन्छ ?**

मेरो नयाँ गीतहरु रेकर्ड भइरहेका छन् । तीजका लागि ३-४ वटा गीतहरु पनि लिएर आएको छु । पछिल्लो समय म आफ्नै युट्युब च्यानलमार्फत पनि आफ्ना गीतहरु पस्किरहेको छु ।

**गीतसंगीतको क्षेत्रमा लाग्नुको कारण ?**

गीतसंगीतमा लाग्नुको कुनै कारण नै छैन । म चार वर्षको हुँदा नै दमकमा भएको महोत्सवबाट गीत गाउन थालेको थिएँ । स्कुलमा पनि गीत गाउने, घरमा पनि गीत गाउने भएकाले गीत संगीतमा नै रस भिज्यो । त्यसैको प्रभावले अहिले गायनमा आएको हुँ । यसको अर्को कुनै कारण नै छैन ।

**कस्तो रचनाले स्रोतालाई रिझाउँछ जस्तो लाग्छ ?**

मन छुने र गहकिला शब्दहरु भएको गीतहरुले दर्शक स्रोतालाई रिझाउँछ जस्तो लाग्छ । गीतका लागि सबैभन्दा महत्वपूर्ण भनेको गीतका शब्द हुन् । शब्द संगीतको संगम भएको खण्डमा गीत राम्रो बन्छ । अर्को कुरा गीतले कुनै कथा पनि बोकेको हुनुपर्छ जस्तो लाग्छ मलाई ।

**अहिले स्रोताका लागि मात्र गीत बनाएर पुग्दैन । दर्शकका लागि पनि भिडियो बनाउनुपर्ने अवस्था छ । लगानी कसरी जुटाउनु हुन्छ ?**

यसका लागि गीतमा लगानी गर्ने लगानीकर्तालाई थाहा हुन्छ । हामीले भने गीत गाउने मात्रै हो । हामीले त अडियो बनाउनका लागि मिहिनेत गर्ने हो ।

**नेपाली गीतसंगीत डिजिटल बजारमा प्रवेश गरिसकेपछिको अवस्थालाई कसरी लिनुभएको छ ?**

यो त एकदमै सकरात्मक भएको जस्तो लाग्छ । पहिला सिडी क्यासेट बोकेर रेडियो, टेलिभिजन जानुपर्थ्यो भने यसैको बिक्रीको आधारमा गीत चलेको नचलेको थाहा हुन्थ्यो । अहिले त दर्शकले हेरेको भरमा कुन गीत कति चल्यो भन्ने थाहा हुन्छ । त्यस कारण पनि मलाई डिजिटल बजार राम्रो लाग्छ । डिजिटल पारदर्शी पनि छ ।

**डिजिटल प्लेटफर्मले मात्र लगानी उठाउन सम्भव छ त ?**

राम्रो गीत भएको खण्डमा मज्जाले सकिन्छ । गीत राम्रो भएको खण्डमा लगानी उठाउन त्यति गाह्रो छैन ।

**नेपाली गीतको बजार र प्रमोसनमा आएको बदलावप्रति तपाईंको धारणा ?**

समयअनुसार हरेक कुराहरु परिवर्तन हुँदै आएका छन् । यसको प्रभाव गीत संगीतमा पनि परेको देखिन्छ । नेपाली गीत संगीतको प्रमोसन पछिल्लो समय सभा सम्मेलन तथा प्रेसमिटको साटो टिकटक, युट्युब तथा सामाजिक सञ्जालबाट पनि भइरहेको पाउँछु । यसलाई पनि एउटा सकरात्मक पाटोका रुपमा मैले लिएको छु । किनभने समय र प्रविधिको प्रयोग गर्न जान्नुपर्छ जस्तो लाग्छ ।

**पछिल्लो समय टिकटकले पनि प्रमोसनमा साथ दिएको छ, तपाईंलाई के लाग्छ ?**

टिकटक कलाकारहरुका एउटा डिजिटल प्लेटफर्मका रुपमा राम्रो माध्यम बनेको छ । यसबाट युट्युबमा आफ्नो गीत आएको भनेर आफ्ना स्रोता तथा दर्शकमाझ मज्जाले कुराकानी गर्न सकिन्छ । यसबाट गीत रिलिज भएको कुरालाई दर्शकमाझ जानकारी दिन सकिन्छ भने टिकटकमा लाइभ बसेर आम्दानी पनि गर्न सकिन्छ । म पनि कहिलेकाहीँ टिकटक चलाउँछु । यसबाट राम्रो तरिकाले प्रमोसन गऱ्यो भने राम्रै हुन्छ भन्ने मलाई लाग्छ ।

**पैसा तिरेर मिलियन फलोअर्स या भ्युजको फुर्ति लगाउनेहरुलाई के भन्न चाहनु हुन्छ ?**

शुरु शुरुमा मान्छेहरुका रहर हुन्छन् । पैसा तिरेर थुप्रै भ्युज किनौं भन्ने । तर मलाई के लाग्छ भने त्यसले उसलाई आत्मसन्तुष्टि दिँदैन । यस कारण मलाई यो ठिक लाग्दैन । दर्शकले हेरिदिएर मन पराएको भ्युज जस्तो किनेको जस्तो हुँदैन ।

**तपाईंका चर्चित गीतहरुको नाम लिनुपर्दा ?**

मेरो थुप्रै गीतहरु चलेका छन् । मैले शुरुवातको समयमा गाएको गीत ‘हाम्रो यो माया कहिलै नछुटोस्’, ‘पर्दैन पर्दैन मलाई फकाउन’, ‘जहाँ छुन्छु त्यहि पाउँछु’लगायत थुप्रै रहेका छन् । मलाई फिल्म ‘नाई नभन्नु ल ६’ को ‘क माने कछुवा’, यही फिल्मको अर्को गीत ‘दिउँला माया’, अहिले रिलिज भइरहेको फिल्म ‘गणपति’मा समावेश ‘ख्याल ख्यालमा’ पनि मन पर्ने गीत हो । यिबाहेक अरु थुप्रै रहेका छन् ।

**तपाईंले कस्तो खालको शब्द रोज्ने गर्नुभएको छ र अहिलेसम्म कस–कसको सिर्जनामा स्वर दिनुभयो ?**

मेरो रोजाईमा सन्देशमूलक र स्टोरी वेशका गीतहरु पर्छन् । कुनै पनि गीत गाउँदा मान्छेको मन छुने शब्द होस् भन्ने चाहान्छु । अहिलेसम्म मैले नेपालमा नाम चलेका थुप्रै संगीतकार तथा गीतकारहरुको गीत गाएको छु । मैले उर्ग्रेन दोङ, दीपेश शर्मा, वसन्त सापकोटालगायत थुप्रैसँग सहकार्य गरेको छु ।

**यो क्षेत्रमा टिकिरहन कत्तिको कठिन छ ?**

सबैभन्दा राम्रो त आफ्नो वेश बनाउनुपर्ने हुन्छ । मलाई के लाग्छ भने घर बलियो बनाउनका लागि जसरी हामी वेश राम्रो बनाउँछौं, त्यसरी नै यसमा पनि राम्रो वेश बनाउन जरुरी हुन्छ । जति राम्रो तरिकाले आफूलाई चिन्दै र राम्रा गीतहरु गाउँदै गयो त्यति नै गीतसंगीतबाट जीविका चलाउन सकिन्छ । यदि आफूले राम्रो वेश बनाउन सकिएन भने त कठिन हुन्छ जस्तो लाग्छ । राम्रा गीतका शब्द, संगीत र स्वर भएको खण्डमा कालान्तरसम्म गीतहरु चलिहरन्छन् । जस्तै नारायण गोपालका गीतहरु अहिले पनि उस्तै राम्रा र मिठास छन् । किनभने त्यो समयमा उहाँको शब्द छनोट र संगीतहरु राम्रा थिए । हामीले पनि त्यसरी नै लाने हो भने यो क्षेत्रमा टिक्न गाह्रो छैन ।

**समग्र गीतसंगीतको विकास र प्रवर्द्धनका लागि के गर्नुपर्ला ?**

अहिले बजारमा आइरहेका छाडा र विकृति विसंगतिका गीतहरु विस्तापित गर्दै राम्रा र सन्देशमूलक गीतहरु निर्माण गऱ्यौं भने अवश्य पनि गीत संगीतको विकास हुन्छ जस्तो लाग्छ । यसका लागि संगीतका सिर्जनाकर्ताहरुले राम्रा गीतहरु नै उत्पादन गर्न जरुरी छ । गीत संगीत राम्रो भएको र मेलोडी मिलेको खण्डमा आफैं गीतले उचाई लिन्छ भन्ने मेरो विश्वास हो । यसका लागि राम्रो गीतको सिर्जना र मिहिनेत गर्नुपर्ला जस्तो लाग्छ ।

**अन्त्यमा आफ्ना स्रोताहरुलाई केही भन्न चाहानुहुन्छ ?**

जतिले मलाई बेनिशा पौडेल भनेर चिनिदिनुभएको छ र मेरो गीतसंगीतलाई माया गरिदिनुभएको छ, अझै पनि माया गरिदिनुहोला भन्न चाहान्छु ।

## सारुकको न्यायको माग गर्दै समर्थकले निकाले ऱ्याली



**काठमाडौं/मस–** कलाकार सारुक ताम्राकारको निधनबारे निष्पक्ष छानबिनको माग गर्दै उनका समर्थकहरुले शनिबार शान्तिपूर्ण ऱ्याली निकालेका छन् । गत असार २१ गते घरमा मृत भेटिएका अभिनेता सारुकको न्यायको माग गर्दै समर्थकहरुले ज्ञानेश्वर चोकदेखि मालीगाउँसम्म मौन ऱ्यालीको आयोजना गरेका हुन् ।

ऱ्यालीमा सहभागी अधिकांशले ‘जस्टिस फर सारुक’ र ‘जस्टिस फर सारुकस् मदर’ लेखिएको सेतो रंगको टिसर्ट लगाएका थिए । सारुक र उनको बुबाको तस्बिरसहित निकालिएको शान्तिपूर्ण ऱ्यालीमा डेढ सयभन्दा बढी सहभागी थिए ।

सारुकको मृत्युबारे निष्पक्ष छानबिन गर्न उनका परिवार र समर्थकले सरकार आग्रह गर्दै आएका छन् । सारुकको निधनको ५२ दिनमा उनका पिता तथा कलाकार सानु ताम्राकारको पनि निधन भएको थियो । छोराको निधनको शोकमा उनी बिरामी परेका थिए ।

## ‘यादको कोलाज’ लोकार्पण




**गण्डकी/मस–** लेखक अमृत क्षेत्रीको संस्मरणात्मक कृति ‘यादको कोलाज’को शनिबार पोखरामा लोकार्पण गरिएको छ । ‘पुछारसिटे अभियान’द्वारा आयोजित समारोहमा साहित्यकार सरुभक्तले उक्त कृतिको लोकपार्ण गरे ।

गत साता काठमाडौंमा आयोजित ‘कलिङ साहित्य महोत्सव’मा सो कृतिको विमोचन गरिएको थियो । भारतीय सेनाबाट निवृत्त लेखक क्षेत्रीले आफ्नो जीवन भोगाइलाई पुस्तकाकार दिएका हुन् । साहित्यकार सरुभक्तले क्षेत्रीको लेखनमा गहनता रहेको सुनाए ।

जीवन्त लेखन र भाषाशैलीले पुस्तकलाई पठनीय बनाएको उनको भनाइ थियो । क्षेत्रीको पुस्तकमा प्रकृति प्रेम पनि उत्तिकै प्रकट भएको सरुभक्तले उल्लेख गरे । लेखन आफ्नो सानैदेखिको रुची भएको क्षेत्रीले बताए ।

साहित्यसेवी विश्व सिग्देल, रीता अधिकारी, लक्ष्मण थापा लगायतले क्षेत्रीको लेखनबाट आफूहरु प्रभावित भएको उल्लेख गरे । उनको यसअघि ‘एकान्त भीड’ कविता संग्रह प्रकाशित छ । जागिरबाट निवृत्त भएपछि क्षेत्री साहित्य लेखनमा सक्रिय छन् ।

**Panchkhapan Municipality**
**Office of the Municipal Executive**
**Wana, Sankhuwasabha**

**Invitation for Bids**
**Contract Identification Number:PMW/SS/NCB/RUP/01/80/81**

**First Date of publication: 2080/05/24 (10th Sep, 2023)**

1. Panchkhapan Municipality, Office of Municipal Executive electronic bids from Nepalese eligible bidders for the construction of Road Upgrading Work under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 1,55,89,301.84/-
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Panchkhapan Municpality, Wana Sankhuwasabha, panchkhapan.mun@gmail.com, 029-411083 and panchkhapan.mun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Rs 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nabil Bank Ltd.**
   **Name of Office : Panchkhapan Municipality**
   **Office Account no. : 21301017500030**
   **Rajaswa (revenue) Shirshak no. : 31151**
4. Pre-bid meeting shall be held at Panchkhapan Municipality Wana Sankhuwasabha at 13:00 on 2080/06/09
5. Electronic bids must be submitted to the office Panchkhapan Municipality Wana Sankhuwasabha through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2080/06/23. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 and 2080/06/23 at the office of Wana Sankhuwasabha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of 4,00,000.00/-], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Description and Location of Work | Estimated Amount (with VAT and PS) NRs. | Bid Validity Period | Bid Security | | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|---|
| | | | | | Amount | Validity period | |
| 1 | PMW/SS/NCB /RUP/01/80/81 | Wana Sibhuwa Tigerchowk Chaudande Sadak Staronnati | 1,55,89,301.84 | 90 day 2080/09/24 | 4,00,000.00 | 2080/10/25 | 3000.00 |

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०५/२४**

**हिमालय एक्सप्रेस कार्गो एण्ड कुरियर प्रा.लि.** को मिति २०८०/०५/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **हिमालय प्रेस मिडिया प्रा.लि. (प्रा.लि. नं.: ३१२५८८)** कायम गर्ने गरी मिति २०८०/०५/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०५/२४**

**चिरायु अल्ट्रासाउण्ड क्लिनिक प्रा.लि.** को मिति २०८०/०५/०१ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चिरायु एम.आर.आइ. एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १६२६०३)** कायम गर्ने गरी मिति २०८०/०५/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनलाइन मिडियाको कम्पनी परिवर्तन हुने बारेको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८०/०५/२४**

पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. ४ बाट **ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रा.ली.**को मातहतमा सञ्चालन हुदै आएको **नयाँ कुरो डट कम (www.nayakuro.com)** अनलाइन मिडिया अब उप्रान्त **नवज्योती मल्टिमिडिया प्रा.ली. फिदिम १, पाँचथर**मार्फत सञ्चालन हुने भएकोले उक्त अनलाइनको नाममा रहेको सम्पूर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व, आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

# डेभिडले जित्यो ब्याडमिन्टनको उपाधि, एचएमटी उपविजेता

ललितपुर/मस- डेभिड एचआर प्रा.लि.का सुरेन्द्र कटुवाल र विवेक कन्दङ्वाले 'अन्तर रिक्रुटिङ एजेन्सी राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिप-२०८०'को उपाधि जितेका छन् । वैदेशिक रोजगार व्यवसायी तामाङ समाजले ललितपुर महालक्ष्मीस्थानस्थित रिभाइभ लिजर पार्कको कभर्ड हलमा सञ्चालन गरेको प्रतियोगिताको शनिबार सम्पन्न फाइनल खेलमा डेभिड एचआर प्रा.लि.का कटुवाल र कन्दङ्वाले उपविजेता एचएमटी ओभरसिज प्रा.लि.का तुलसी पुरी र विकास महर्जनको टिमलाई २१-१६ र २१-१४ को सेटमा पराजित गर्दै उपाधि जितेका हुन् ।

विजयी टिमलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले नगद ४० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरे ।



उपविजेता एचएमटी ओभरसिज प्रा.लि.का पुरी र महर्जनले नगद २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरे ।

प्रतियोगितामा युनाइटेड इन्टरनेशनल प्रा.लि.का शुक्र पाखिन र इन्द्र मेहता तथा इमरल्ड प्रा.लि.का सञ्जय कपाली र हेमराज श्रेष्ठ तेस्रो भए । उनीहरुलाई पनि मन्त्री भण्डारीले नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरे । प्रतियोगितामा वैदेशिक रोजगार इजाजतपत्रवाला संस्थाको तर्फबाट सहभागी हुन इजाजतपत्रवाला संस्थाको एक जना सञ्चालक अनिवार्य हुनुपर्ने मापदण्ड राखिएको थियो ।

साथै उक्त प्रतियोगितामा अण्डर १९ जुनियरतर्फ एपीएफका क्षितिज खनाल विजेता तथा महेन्द्र बम उपविजेता बने । खनालले साउदलाई २१-११ र २१-१७ को सेटमा पराजित गरे । प्रतियोगितामा रिक्रुटिङ एजेन्सी अर्थात म्यानपावर कम्पनीका २८ र अण्डर-१९ नेशनलतर्फ ३२ टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक मोहन योञ्जनले बताए ।

पुरस्कार वितरण समारोहमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, पूर्वमहासचिव नरेश गेलाल, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावललगायतको उपस्थिति रहेको थियो । यस प्रतियोगिताको मिडिया पार्टनर मध्यान्ह राष्ट्रिय दैनिक रहेको थियो ।

# सितोरियो कराते संघको अध्यक्षमा दावा

**निजगढ/मस–** नेपाल सितोरियो कराते संघको अध्यक्षमा दावा गुरुङ निर्विरोध निर्वाचित भएका छन् । बिहीबार निजगढमा सम्पन्न दोस्रो अधिवेशनले अध्यक्ष गुरुङलाई निरन्तरता दिँदै दोस्रो कार्यकालका लागि निर्वाचित गरेको हो । गुरुङ नेपाल कराते महासंघका महासचिव समेत हुन् ।



यसैगरी वरिष्ठ उपाध्यक्षमा मजिन्द्र सिंह, उपाध्यक्षमा, राजिव कुमार थापा, किशोर भट्टराई, पाल्देन हेम्जन निर्वाचित भएका छन् । यस्तै केन्द्रीय सदस्यहरुमा देव कुमार लामा, प्रकाश मोहन धौभडेल, राजेन्द्र बराल, विजयमान थापा (मधेश प्रदेश), हरि कुमार घर्ती (लुम्बिनी), हेमन्त कुमार मल्ल (कर्णाली), उमा महतो (सुदुरपश्चिम), मणिराज थापामगर (गण्डकी), विजय गुरुङ (बागमती), धर्म प्रसाद न्यौपाने (कोशी), विजय कुमार बस्नेत (बागमती) चयन भएका छन् । यस्तै मधु लामा, जानकि सेढाई, कृष्ण गौतम, प्रेम बहादुर राना, मिलनरान प्रसाई, ज्ञान बहादुर जिम्बा, प्रेमलाल बम्जन केन्द्रीय सदस्य पदमा निर्वाचित भएका छन् ।

हार्दिक बधाई तथा शुभकामना

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
सधैं... तपाई संग
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
Head Office: Barhabise,Sindhupalchowk,
Tel: 011-489245, 489246
Corporate Office: Banepa,Kavre
Tel: 011-662340, 662341
Email: info@sindhubank.com.np
Website: www.sindhubank.com.np
१४ औं बर्षमा प्रवेश

आफ्नो कार्यकालको तेह्रौं वर्ष पुरा गरी चौधौं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड
अझ सबल, उत्कृष्ट एवं विस्तारित
Corporate Office
MBL Tower, Lazimpat, Kathmandu, Nepal
Tel: +977-1-4428556
Fax: +977-1-4425356
SWIFT: MBLNNPKA
Web: www.machbank.com
Branch Office: Banepa, Ph.: 011-663553

Prabhu Bank
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com
Branch Office: Barahbishe, Sindhupalchowk
Ph.: 011-489259

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था"
Corporate Office: R & P Complex,
KamalPokhari, Kathmandu, Nepal
+977-01--5970306/307
info@jbbl.com.np

NIMB
P.O. Box: 3412, Head Office: Durbarmarg, Kathmandu, Nepal.
Tel: 4228229, Fax: (977-1) 4226349
Email: info@nibl.com.np
SWIFT ADDRESS: NIBL NP KT
Website: www.nibl.com.np

InfoDevelopers Pvt. Ltd
Sanepa-2, Lalitpur, Nepal
P.O. Box: 5552,
Phone: 977-1-5970061, 977-1-5970062
Website: www.infodev.com.np
Email: info@infodev.com.np
FINSYS INFINITY EMPOWER WEALTH iOFFICE

Himalayan Everest
Insurance Limited
Thapagaun, Kathmandu, Ph.: 01-5245090/91/92/95
Fax: 977-1 5245099, Email: ktm@hei.com.np

सानिमा जिआईसी इन्स्योरेन्स लि.
Sanima GIC Insurance Ltd.
205 - Tangal Marg, Tangal, P.O. Box 1622, Kathmandu, Nepal
Phone: 01-4527101/103/170/171/172, E-mail: info@sgic.com.np
Banepa Branch, Ph.: 011-660144

सलिको
SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit
INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

Reliable Life
INSURANCE LTD.
...Reliable Forever
Corporate Office: Gyaneshwor, Kathmandu
Phone No: +977-01-4523618, 4523630, Fax No: +977-01-4523657
Email: info@reliablelife.com.np, Url: www.reliablelife.com.np

Digital Age Nepal
Tahachal, Kathmandu, Nepal
Tel: 977-1-5903472
Cell: 977-9851046914
Website: digitalagenepal.com

PRABHU
Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

SILVER LINING
Silver Lining Pvt. Ltd.
2nd Floor, Mercantile Communication Narayanhiti Path
(Behind Hiti Pokhari) Durbar Marg, Kathmandu, NEPAL.
Email: info@silverlining.com.np
Phone: +977-1-4425221

Neology NEXT
Neology Next Pvt. Ltd.
1F, Radha Bhawan, Saraswati Marg
Tripureshwor, Kathmandu
Email: info@neologynext.com.np
Phone No: 01-5365728, 5365729

Mandali Security
Service Pvt. Ltd.
Balaju-16, Kathmandu
Ph.: 01-4361358
Mob.: 9851229126, 9849145058

CAD Engineering Consultancy
Er. Krishna Adhikari
Mob.: 9855010060
Er. Ram Bahadur Kc
Mob.: 9855010070
Bharatpur-11, Chitwan

Young Star Consulting
Engineers
Er. Bimal Thapa
Mob.: 9845531663
Bharatpur-5, Chitwan

Model Construction
Pvt. Ltd.
Khusibu, Kathmandu
Ph.: 01-4520149
Mob.: 9851003500

## Barbardiya Municipality
## Office of Municipal Executive
**Lumbini Province, Nepal**

### Invitation for Online Bids

**Date of publication : 2080/05/24**

Barbardiya Municipality office of Municipal Executive, jaynagar, Bardiya invites online bids from eligible bidders for the construction of following work under National Competitive Bidding. Bidders may obtain further information by visiting the website : www.bolpatra.gov.np/egp

| Contract ID No. | Description of works | Bid document fee (Nrs) | Bid security Amount (Nrs) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|
| 04/BMO/W /2080-81 | Bhim marga sadak black top premix work, barbardiya ward no. 9, dhakaila | 5,000.00 | 7,40,000.00 | 90 days | for further information : visit www.bolpatra.gov.np/epg |
| 05/BMO/W /2080-81 | sahid marga (jayanagar to sani bazar) asphalt black top road. | 5000.00 | 6,25,000.00 | 90 days | |

**Chief Administrative Officer**

## लेटाङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**लेटाङ, मोरङ**

### आन्तरिक आय ठेक्काको सूचना

**चौथो पटक प्रकाशित मिति : २०८०/०५/२४**

यस कार्यालयद्वारा आ.व. २०८०/०८१ को लागि लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १३८ बमोजिम तपसिलमा उल्लिखित कर संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकोले ईछुक फर्म, वा कम्पनिले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कबोल अंक (मु.अ.कर सहित) | बोलपत्र फारम दस्तुर | बोलपत्र बुझाउने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| १. | LM/MOR/NCB/ REV/03/2080-081 | आय संकलन ठेक्का (स्थानीय पूर्वाधार, निकासी र वडा नं ४ हाटबजार कर) | ७०,१२,५००।- | रु.३,०००।- | २०८०/०५/३१ गते दिउसो १२:०० बजेसम्म E-Bidding |

विस्तृत जानकारीका लागि लेटाङ नगरपालिकाको वेवसाइट www.letangmun.gov.np मा हेर्न सक्नुहुनेछ । थप कुरा बुझ्न चाहेमा ९८५२०७५३१२ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

## Likhu Rural Municipality
## Office of the Rural Municipal Executive
**Yasam, Okhaldhunga**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of Publication: 2023-09-10**

1. Likhu Rural Municipality invites electronic bids only from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract No | Name of Work | Estimated Amount including of VAT, PS and Contingencies | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | LRM/NCB /Building/ 2080/81-01 | Construction of RCC Structural Building of Gramodaya Yugakabi Siddhicharan Secondary School, Likhu-6, Okhaldhunga | NRs. 1,12,58,696.79 | NRs. 3,00,000.00 |

2. Eligible Bidders may obtain further information at the office of Likhu Rural Municipality, Yasam Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder has to submit their bid electronically & download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (non refundable fee of NRs 3000.00) of bidding document in the Project's account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document and Bid Security Amount in Bank:
   **Name of the Bank : Nepal SBI Bank**
   **Name of Office : Likhu Rural Municipality, Office of Rural Municipal Executive**
   **Aantarik Rajashwa Khata A/C No. : 41595241207004 (For purchasing fee of bid doc.)**
   **Sthaniya Taha Dharauti Khata A/C No: 41525240600004 (For bid security)**
4. Pre-bid meeting shall be held at Likhu Rural Municipality, Okhaldhunga, Koshi Province, Nepal at 13:00 Hrs. on 2023-10-04.
5. Electronic bids must be submitted electronically through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 Hrs. on 2023-10-10. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs. on 2023-10-10 at the office of Likhu Rural Municipality, Yasam, Okhaldhunga. Bids must be valid for a period 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format amounting to a minimum as specified in table above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

गो.हु.का.द.नं. ३३/०६९/०७०
२४ भदौ २०८०, आइतबार
10 September 2023, Sunday

# जीवन बीमामा आकर्षण घट्दै

## सरेन्डर गर्नेको संख्यामा १६.३४ प्रतिशतले वृद्धि

**नारायण अर्याल / मध्यान्ह**
काठमाडौं, २३ भदौ ।



पछिल्लो समय जीवन बीमा क्षेत्रमा बीमालेख (पोलिसी) खरिद गरेर बीचमा नै त्याग्ने (सरेन्डर)को दर बढ्दै गएको छ । नेपाल बीमा प्राधिकरणको तथ्यांकअनुसार चालु आर्थिक वर्षको साउनमा मात्रै ९ हजार ७९८ जनाले बीमा पोलिसी सरेन्डर गरेका छन् । सो सरेन्डर संख्या १४ वटा जीवन बीमा कम्पनीको हो । जुन अघिल्लो आवको सोही महिनाको तुलनामा १६.३४ प्रतिशतले बढी हो । २०७९ साउनमा ८ हजार ४२२ जनाले बीमितले जीवन बीमा पोलिसी सरेन्डर गरेका थिए ।

प्राधिकरणको सार्वजनिक तथ्यांकले जीवन बीमा कम्पनीहरुको बीमा व्यवसाय माथि नै प्रश्न उठाएको छ । जीवन बीमा कम्पनीहरुले व्यवसायमा निश्चित स्टान्डर्ड कायम नगर्दा सरेन्डर दर बढ्ने समस्या देखिएको जानकारहरुको भनाइ छ । साथै विश्वव्यापी तथा नेपालमा देखिएको आर्थिक मन्दीको प्रभाव पनि जीवन बीमा क्षेत्रमा देखिएकोले सरेन्डरको दर बढ्न पुगेको अनुमान गरिएको छ । साथै, बैंकिङ क्षेत्रमा भएको ब्याजदरको वृद्धि र आकर्षक स्कीमहरुको कारण पनि मानिसहरु जीवन बीमा भन्दा सो क्षेत्रमा आकर्षित हुन पुगेको केही जानकारहरुले बताएका छन् ।

पोलिसी सरेन्डर गर्दा बीमितले तिरेको बीमाशुल्क र पोलिसी सरेन्डर गर्ने मितिसम्मको बोनस रकम एकमुष्ट बीमितलाई बीमा कम्पनीले भुक्तानी गर्छन् । तर, बीमितले बीमा गरेको न्यूनतम ३ वर्षपछि मात्रै पोलिसी बन्द गर्न पाइने व्यवस्था रहेको छ । जीवन बीमा क्षेत्रमा अत्यधिक पोलिसी सरेण्डर बढ्नुले भने सिँगो बीमा क्षेत्रलाई नै नकारात्मक असर पार्ने प्राधिकरणले जनाएको छ । आर्थिक संकट पर्दा बिमितले आफूले खरिद गरेको पोलिसीलाई सरेन्डर गर्ने बिमकहरु बताउँछन् ।

बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले मानिसहरुले बीमालाई बैंकसँग तुलना गर्न थाल्दा सरेन्डरको समस्यामा वृद्धि हुँदै गएको बताएका छन् । उनले बीमा सरेन्डरले बीमा कम्पनीमाथि मानिसहरुको विश्वास घट्दै गएको समेत टिप्पणी गरेका छन् । साथै उनले बीमा अवधिभरमा घट्ना घटेमा क्षतिपूर्ति दिने र नघटेमा बोनससहित दिने व्यवस्थालाई कम्पनीहरुले मानिसमा बुझाउन नसकेको बताएका छन् । सरेन्डर रोक्ने विषयमा कम्पनीहरुले रणनीति बनाएर अगाडि बढ्नुपर्ने अवस्था रहेको उनले बताएका छन् ।

'बीमाले त बीमा अवधिभर तपाईंलाई कुनै घटना घटेमा त्यसको क्षतिपूर्ति दिन्छु भन्छ, यदि कुनै घटना घटेन भने अन्तिममा गएर बोनससहित दिन्छु भनेको हो, यो विषय बीमा कम्पनीहरुले बुझाउनै सकेनन्', अध्यक्ष सिलवालले भने ।

# बैंकहरु मिटरब्याजी बन्न पाइँदैन : सांसद केसी



**ईश्वर विश्वकर्मा / मध्यान्ह**
चरिकोट, २३ भदौ

बागमती प्रदेशका सांसद भरत केसीले बैंक तथा वित्तीय संस्थाहरु मिटरब्याजी शैलीमा प्रस्तुत हुन नहुने बताएका छन् । शनिबार आयोजित पौरखी कृषि सहकारी संस्थाको चौधौं साधारणसभामा बोल्दै सांसद केसीले बैंक तथा वित्तीय संस्थाहरुले मिटरब्याजीको रुप धारण गर्न नहुने बताएका हुन् । आर्थिक मन्दीको सामना गरिरहेका उद्योगी व्यापारीलाई आतङ्कित बनाउने कार्य रोक्न बैंक तथा वित्तीय संस्थाहरुलाई उनले आग्रह गरे ।

'व्यापार व्यवसाय आर्थिक मन्दीको असरले प्रायः ठप्प भएको छ', केसीले भने, 'यही बेला कौडीको भाउमा धितो लिलाम गर्ने र ऋणीलाई घरबारविहीन बनाउने गरी बैंकहरु मिटरब्याजी बन्न पाइदैन ।' उनले ऋण तिर्छु भनिरहेका व्यापारी व्यवासायीलाई समेत उठिबास लाउने कार्यहरू भइरहेको प्रति दुःख व्यक्त गर्दै त्यस्ता कार्य रोक्न अनुरोध गरे । उनले ऋण दिने बेलामा भएको सम्झौता विपरित ब्याज बढाउने बैंक तथा वित्तीय संस्थाहरुलाई खबरदारी गरिरहेको उल्लेख गरे। सांसद केसीले वित्तीय संस्थाहरुका विकृति बिरुद्ध जनताहरू गोलबद्ध हुन आवश्यक रहेको बताए । अर्को प्रसंगमा सांसद केसीले वन्यजन्तुको आतङ्कबाट प्रभावित किसानहरुलाई राहत प्रभावकारी बनाउन र बिमाको व्यवस्था मिलाउन सांसदमा जोडदार कुरा राखेको जानकारी दिए ।

सभामा संस्थाका अध्यक्ष हरिहर न्यौपानेले सदस्यहरुलाई ऋणी मात्र नभइ धनी बनाउन सहकारी प्रेरित भएको उल्लेख गरे । उनले बालक अवस्थामै रहेको सहकारीलाई अनुभवी कर्मचारी र असल सञ्चालक समितिले उदाहरणी बनाइरहेको बताए । सभामा कोषाध्यक्ष गोकुलप्रसाद न्यौपानेले आर्थिक प्रतिवेदन र गोकर्ण बस्नेतले बार्षिक प्रगति प्रतिवेदन र आगामी आवको नीति तथा कार्यक्रमको प्रस्तुत गरेका थिए । कुल ४ हजार ५४ जना शेयर सदस्य रहेको सो सहकारीको कुल पुँजी २० करोड ९३ लाख १९ टहजार ४ सय ४५ पुगेको छ ।

१५ करोड २२ लाख ३० हजार ८ सय ४७ रुपैयाँ ३४ पैसा बचत निक्षेप रहेको छ भने गत वर्ष सम्ममा १५ करोड २२ लाख ४२ हजार ४९ रुपैयाँ ऋण लगानी गरेको संस्थाले जनाएको छ । संस्थाले गत वर्ष ६६ लाख १७ हजार रुपैयाँ खुद नाफा कमाएको छ ।

# कृषि विकास बैंकको एडीबीएल स्मार्ट प्लस मोबाइल बैंकिङ शुरुवात

**काठमाडौं ।** कृषि विकास बैंकले मोबाइल बैंकिङ सिस्टम अपग्रेड गरेको बताएको छ । मोबाईल बैंकिङ सेवा प्रयोगकर्ताहरुको कारोबारको सुरक्षा तथा थप सेवा उपयोग गर्न सरल र सहज हुने गरी मोबाइल बैंकिङको नयाँ भर्सन अपडेट गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरूङले बताए । बैंकले मोबाइल बैंकिङको नयाँ भर्सन एडीबीएल स्मार्ट प्लस आकर्षक इन्टरफेससहित जारी गरेको गुरूङले बताए ।




बैंकले विद्युतीय भुक्तानीको कारोबारमा जोड दिएको छ । कृषि विकास बैंकले 'डिजिटल्ली एडीबीएल' भन्ने नारासहित विद्युतीय माध्यमबाट हुने कारोबारलाई प्राथमिकता दिएको गुरूङले बताए । बैंकका करीब पाँच लाख ग्राहकलाई मोबाइल बैंकिङ प्रयोग सहज बनाउनको लागि मोबाइल बैंकिङ एप्स अपडेट गरेको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अपडेट गरिएको मोबाइल बैंकिङ प्रणालीमा मोवाईल बैंकिङको युजर पासवर्ड प्रयोग गरी बेवबाटै लगइन गर्न सकिने र यसरी लगइन गर्दा इन्टरनेट बैंकिङ सेवा सरहको भुक्तानी सीमा कायम हुने बैंकले बताएको छ ।

## पाइपलाइन परियोजनाको दोस्रो चरणको काम तीव्र

# चैतसम्म पेट्रोल र मट्टितेल ल्याउने तयारी



**अमलेखगञ्ज / रासस** - मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम तीव्र गतिमा अगाडि बढेको छ । आगामी चैतसम्म पाइपलाइनबाट पेट्रोल र मट्टितेल ल्याउने उद्देश्यका साथ निर्माणको कामलाई तीव्रता दिइएको नेपाल आयल निगमले जनाएको छ । दोस्रो चरणको कामअन्तर्गत अहिले पेट्रोल भण्डारण ट्याङ्क, ट्रान्समिक्स ट्याङ्क, पम्प हाउस, पेट्रोलको लोडिङका लागि २४ वटा पूर्ण स्वचालित लोडिङ वे (रिफिलर) लगायत भौतिक संरचनाको निर्माण भइरहेको छ । अहिले 'म्यानुअल'रुपमा पेट्रोलियम पदार्थको लोडिङ हुँदै आएको छ । दोस्रो चरणको परियोजनाको निर्माण भारतीय कम्पनी लिखिता इन्टरनेशनलले गरिरहेको छ ।

परियोजनाको पहिलो चरणको कार्यअन्तर्गत अहिले भारतको मोतिहारीबाट अमलेखगन्जसम्म पाइपलाइनमार्फत डिजेल आयात भइरहेको छ । दोस्रो चरणमा पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्ने लक्ष्य रहेको निगमको अमलेखगञ्ज डिपोका प्रमुख विनितमणि उपाध्यायले बताए । 'यो लक्ष्यअन्तर्गत पेट्रोल र मट्टितेल भण्डारण ट्याङ्क अपुग हुने भएकाले अहिले आइओसीले त्यसको पूर्वाधार निर्माण गरिरहेको छ', उनले भने ।

डिपोमा पेट्रोल भण्डारणका लागि चार हजार एक सय किलोलिटर क्षमताका दुई वटा भण्डारण ट्यांक तथा डिपो सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताका दुई वटा पानी टयाङ्की तथा दुई सय ५० किलोलिटर क्षमताका दुई वटा 'ट्रान्समिक्स ट्याङ्क' निर्माण भइरहेको छ । एउटै पाइपलाइनबाट क्रमशः डिजेल, मट्टितेल र पेट्रोल एकपछि अर्को ल्याउँदा मिसिएको पेट्रोलियम पदार्थको छुट्टै भण्डारण गर्न ट्रान्समिक्स ट्याङ्क निर्माण गरिएको निगमका इञ्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए ।

दोस्रो चरणको परियोजनाका लागि निगम र आइओसीले संयुक्तरूपमा लगानी गर्नेगरी सम्झौता भएको थियो । जसअन्तर्गत दुई वटा पेट्रोल ट्याङ्कमध्ये निगम र आइओसीले एक/एक वटा ट्याङ्कको लागत व्यहोर्ने छन् । मिश्रित इन्धन राख्नका लागि २ वटा ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि 'फायरवाटर' ट्याङ्क भारतीय पक्षबाट निर्माण हुनेछ । आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च गर्नेछ ।

निगमले भने एउटा पेट्रोल ट्याङ्क, २४ वटा रिफिलर, प्रयोगशाला, फायरफाइटिङ सिस्टमलगायत पूर्वधार निर्माण गर्नेछ । निगमको एक अर्ब ५४ करोड भारतीय रुपैयाँ बराबरको खर्च हुने अनुमान छ । सिभिल संरचनाअन्तर्गत विभिन्न उपकरण जडानका लागि भवन तथा पेट्रोलियम पदार्थको शुद्धता परीक्षणका लागि अत्याधुनिक प्रयोगशाला पनि निर्माण भइरहेको छ । परियोजनाको हालसम्मको प्रगति करिब ४० प्रतिशत रहेको प्रमुख उपाध्यायले जानकारी दिए ।

'अहिले वर्षाको समय भएका कारण काम सुस्त भएको हो, तर केही समयपश्चात् निर्माणकर्ताले जनशक्ति थप गरेर काम गर्ने जनाएको छ । दोस्रो चरणका काम निर्धारित समयमै सम्पन्न गर्ने योजना छ', उनले भने । परियोजनाको काम तोकिएका समयमै सम्पन्न गर्न रात्रि सयममा पनि काम गर्ने ठेकेदार पक्षले जनाएको छ । निर्माण शुरु भएको करिब ५५ महिनामा सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

दोस्रो चरणको परियोजनाको सम्पूर्ण खर्च करिब दुई अर्ब १५ करोड भारतीय रुपैयाँ रहेको छ । दोस्रो चरणको परियोजना निर्माण भएपछि समग्ररुपमा मुलुकलाई नै फाइदा पुग्ने निगमले जनाएको छ । अहिले बरौनीदेखि काठमाडौंसम्म पेट्रोल ढुवानी गर्दा प्रतिलिटर करिब छ रुपैयाँ ढुवानी खर्च थपिएको छ । अमलेखगञ्जसम्म पाइपलाइनमा पेट्रोल ल्याएर अन्य भूभागमा पठाउँदा ढुवानी खर्च आधा घट्ने अनुमान गरिएको छ । बरौनी वीरञ्जगजबाट करिब तीन सय किलोमिटर टाढा छ ।

'अहिले बरौनीबाट नै पेट्रोल र मट्टितेल आयात भइरहेको छ । पाइपलाइनबाट पेट्रोल र मट्टितेल आउन थालेपछि बरौनीबाट काठमाडौँसम्मको ढुवानी भाडा आधा बचत हुने अवस्था छ । निगमको बचत हुनु भनेको समग्रमा मुलुककै बचत हुनु हो', उनले भने । नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइप लाइन परियोजना २०७६ सालमा सम्पन्न भएको हो । त्यसयता पाइपलाइनबाट डिजेल आयात भइरहेको छ । विसं २०७६ भदौ २४ गते परियोजनाको औपचारिकरुपमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेका थिए । पाइपलाइन नहुँदा डिजेल लिनका लागि भारतको बरौनीसम्म ट्याङ्कर पठाउनुपर्थ्यो । ट्याङ्करबाट ढुवानी गर्दा सीमा क्षेत्रमा हुने अवरोध, सडक जाम, बन्द, हड्ताल लगायतले समस्या पार्दै आएको थियो । 'अब ती समस्या सधैंका लागि समाधान भएका छन्, पाइपलाइन निर्माण सम्पन्न भएपछि सहजरुपमा आफ्नै देशमा निगमको डिपोमा पेट्रोलिमय पदार्थ आयात भइरहेको छ', प्रमुख उपाध्यायले भने । पाइपलाइनबाट आयात भएको डिजेल अहिले लुम्बिनीको भैरहवा, बागमतीको थानकोट, गण्डकीको पोखरा, कोशीको विराटनगर र मधेस प्रदेशको जनकपुरमा आपूर्ति भइरहेको छ । मुलुकभरको मागको करिब ७० प्रतिशत डिजेल अमलेखगञ्ज डिपोले आपूर्ति गरिरहेको छ । पाइपलाइनबाट पछिल्लो चार वर्षमा ३८ लाख ११ हजार चार सय ५१ किलोलिटर डिजेल आयाता भएको निगमले जनाएको छ ।

एउटै पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टितेलसमेत आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता कम हुँदा अहिले ट्याङ्कबाटै पेट्रोल र मट्टितेल आयात भइरहेको छ । आयोजना निर्माण सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुनेछ । यसबाट प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्नसमेत सहयोग पुग्ने निगमले जनाएको छ ।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रुक एयरको व्यावसायिक उडान



**कास्की / रासस** - भुटानको रोयल भुटान एयरलाइन्स ड्रुक एयरले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आज पहिलोपटक व्यावसायिक उडान भरेको छ । भुटानको राजधानी थिम्पुस्थित पारो विमानस्थलबाट चालक दलका सदस्य र तीन यात्रुसहित शनिबार बिहान ६:४० बजे पोखरा ओर्लिएको सो जहाज यहाँबाट ८:१५ बजे ४२ यात्रु बोकेर थिम्पु नै फर्किएको हो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको आठ महिनापछि पहिलोपटक अन्तर्राष्ट्रिय व्यावसायिक उडान भएको पोखरा विमानस्थलले जनाएको छ । गत पुस १७ गते अंग्रेजी नयाँ वर्षको पहिलो दिन पोखरा विमानस्थलको उद्घाटन गरिएको थियो । पोखराबाट थिम्पु जान लागेका पर्यटकलाई पोखरा विमानस्थलमा खादा तथा माला लगाएर बिदाइ गरिएको थियो । गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापा, पोखरा महानगरका प्रमुख धनराज आचार्य, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पर्यटन व्यवसायीलगायतले यात्रुको बिदाइ गरेका थिए ।

पोखरा विमानस्थलका प्रमुख देवचन्द्रलाल कर्णले अन्तर ाष्ट्रिय उडानबाट विमानस्थलले पहिलोपटक आम्दानी गरेको बताए । उनका अनुसार प्रतियात्रु तीन हजार विमानस्थललाई आम्दानी भएको छ । उनले भने, 'यो पोखराको पहिलो कमर्सियल उडान हो । यसलाई हामी रेभेन्यु फ्लाइट भन्छौं, चार्टरको रूपमा आएको हो । यसका लागि मेहनत गरेका थियौं, कम्पनीलाई राम्रो सुविधा दिन्छौं भनेर प्रतिबद्धता गरेका थियौं, यसबाट उनीहरू कन्भिस भएर आएका हुन् ।'

भारत, नेपाल र भुटान घुम्ने गरी आएका अमेरिकी पर्यटक ड्रुक एयर चार्टर गरी थिम्पु पुगेका हुन् । जहाज भारतीय एजेन्सीले नै चार्टर गरेका थिए । उनीहरू तीन दिन पोखरामा बसेर प्याराग्लाइडिङलगायत गतिविधिमा सामेल भएका थिए । काठमाडौंबाट उनीहरू आठ हेलिकोप्टरमा पोखरा आएका हुन् । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए पनि नियमितरुपमा अन्तर्राष्ट्रिय उडान अझै हुनसकेको छैन । विमानस्थल आन्तरिक उडानमा सीमित छ । यसअघि चीनको सिचुआन एयरलाइन्सले पोखरामा पहिलो चार्टर उडान गरेको थियो ।

**Thatikandh Rural Municipality**
**Office of the Rural Municipality Executive**
**Lakandra, Dailekh**
**Karnali Province, Nepal**

**Invitation For Online Bids**

**Date of publication: - 10-09-2023 (2080/05/24)**

1. Thantikandh Rural Municipality, Office of the Municipal Executive Office, Lakandra Dailekh invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.
2. Bid Document can be downloaded from website www.bolpatra.gov.np/egp. Amendment(s), if any shall be issued only on above website.
3. Eligible Bidders may obtain further information at the office of peoples' Thatikandh Rural Municapality Dailekh, website: thntikandhmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Description of Work | Estimated Cost Excluding VAT And ps (Nrs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/NCB /MBMGBS /01-2080/081 | Matela Bagawan Majha Gairagau Buki Sadak Naya Nirman And Staranoti Thatikandh Gaupalika Ward No 02, 04 Dailekh | 1,68,59,031.16 | 4,95,000.00 | 90 days/120 days/3000 |
| 2 | TRM/DLK/NCB /PMBMSS/ 02-2080/081 | Pulbazer Matela bahankot madantal sadak staronati thatikandh Gauplaika ward No 01, 03 Dailekh | 1,66,92,305.43 | 4,90,000.00 | 90 days/120 days/3000 |

**Chief Administrative Officer**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**